# मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

**प्रदेश नं ३**

# तरकारी खेती संभाव्यता अध्ययन प्रतिवेदन २०७५

**परामर्शदाता**

ए-नट/आर्किटेक्ट एण्ड एलाईड जे/भि

पाटनढोका, ललितपूर

मितिः २०७५।११।२६

| | |
|---|---|
| **आयोजनाको नाम** | **एकीकृत नगर बिकास योजना (IMDP)** |
| आयोजना कार्यान्वयन संस्था | नगर कार्यपालिकाको कार्यालय<br>मेलम्ची नगरपालिका<br>मेलम्ची, सिन्धुपाल्चोक, प्रदेश नं ३ |
| परामर्शदाता | ए-नट/आर्किटेक्ट एण्ड एलाईड जे/भि, पाटनढोका<br>ललितपुर<br>फोन न.: ९८५१२२३४६८ |
| आयोजना सुचारु मिति | २०७५/०१/२७ |
| कार्य समाप्ती मिति | २०७५/०८/२५ |
| **प्रतिवेदनको संक्षप्त विवरण** | |
| प्रतिवेदनको नाम | अन्तिम प्रतिवेदन<br>**तरकारी खेती संभाव्यता अध्ययन** |
| भाग | १ एक (**एक**) |
| प्रतिवेदन बुझाएको मिति | २०७५/११/२६ |
| प्रतिवेदनको किसिम | प्रिन्टेड प्रतिवेदन |
| प्रिन्टेड प्रतिवेदन प्रतिलिपि | नगरपालिकाका लागि : ३ (**तीन**) परामर्शदाताका लागि : १ (**एक**) |
| प्रतिवेदन तयारी | गणेश भट्टराई |
| प्रतिवेदन निरिक्षण | विश्वदेव भट्टराई |
| **छाप** | |

# विषय सूचि

प्रतिवेदनको संक्षिप्त परिचय ............................................ **Error! Bookmark not defined.**

*भाग : १*......................................................................................१

***परिचय***......................................................................................१

१.१. पृष्ठभूमी......................................................................................१

१.२. औचित्य र आवश्यकता......................................................................................१

१.३. उद्देश्य......................................................................................२

१.४. अध्ययनको कार्यक्षेत्र......................................................................................२

१.५. अध्ययन विधि......................................................................................२

१.६. तथ्यांक संकलन......................................................................................२

१.६.१. द्वितीय तथ्यांक संकलन......................................................................................२

१.६.२. प्राथमिक तथ्यांक संकलन......................................................................................२

**१.७. तथ्यांक प्रशोधन र विश्लेषण**......................................................................................३

१.७.१. भौतिक विश्लेषण......................................................................................३

१.७.२. सामाजिक स्थिति विश्लेषण......................................................................................३

१.७.३. आर्थिक स्थिति विश्लेषण......................................................................................३

१.८. अध्ययनका सीमा......................................................................................४

***भाग : २***......................................................................................५

***नगरको भौगोलिक तथा जनसांख्यिक स्थिति***......................................................................................५

२.१. भौगोलिक अवस्थिति......................................................................................५

२.२. हावापानी......................................................................................५

२.३. भू-उपयोग......................................................................................५

२.४. भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)......................................................................................५

२.५. जनसांखिक विवरण......................................................................................६

२.६. आम्दानी स्रोतको विवरण......................................................................................६

२.७. तरकारी खेतीको लागि नीतिगत व्यवस्था......................................................................................६

***भाग : ३***......................................................................................७

***तरकारी उत्पादनकोअवस्था र संभाव्यता***......................................................................................७

३.१. कृषि उत्पादन......................................................................................७

३.२. नगरको जिविकोपार्जनको अवस्था......................................................................................७

३.३. जिल्लास्तरमा तरकारी उत्पादनको अवस्था ........ ८
३.४. बाली उत्पादनर उत्पादकत्व ........ ९
३.५. वडागत तरकारी उत्पादन (समग्रमा) ........ ९
३.६. तरकारीको प्रकार अनुसार वडागत उत्पादन विवरण ........ १०
३.६.१. भोटेचौर क्षेत्र (हाल मेलम्ची १ र २) ........ ११
३.६.२. दुवाचौर (हाल मेलम्ची ७, ८) ........ ११
३.६.३. हैवुङ (हाल मेलम्ची ३) ........ १२
३.६.४. ज्यामिरे (हाल मेलम्ची ९) ........ १२
३.६.५. मेलम्ची (हाल मेलम्ची ११) ........ १३
३.६.६. फटकशिला (हाल मेलम्ची १३) ........ १४
३.६.७. शिखरपुर (हाल मेलम्ची १०) ........ १४
३.६.८. सिन्धुकोट(हाल मेलम्ची ५) ........ १५
३.६.९. तालामाराङ (हाल मेलम्ची ६) ........ १५
३.६.१०. थकनी (हाल मेलम्ची ४) ........ १६
३.६.११. बाँसवारी (हाल मेलम्ची १२) ........ १७
३.७. खेतीयोग्य जमिन तथा सिंचाईको अवस्था ........ १७
३.८. उत्पादन हुने प्रमुख बालीहरुमा लाग्ने रोग तथा किराको विवरण ........ १८
३.९. रासायनिक मल तथा किट नासक विषादीको प्रयोग ........ १८
३.१०. आई.पि.एम. कृषक पाठशाला ........ १९
३.११. कृषक समूहहरुको विवरण ........ १९
३.१२. साना व्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट) ........ १९
३.१२.१. तरकारी पकेट शिखरपुर मे.न.पा. १० ........ १९
३.१२.२. किवि पकेट मे.न.पा.–१, ३, भोटेचौर र हैंबुङ ........ १९
३.१२.३. अलैची पकेट मे.न.पा. –९, ज्यामिरे ........ १९
३.१२.४. कागती पकेट मे.न.पा. –११, मेलम्ची ........ १९
३.१३. संकलन केन्द्रको विवरण ........ १९
३.१४. व्यवसायिक तरकारी उत्पादनको संभाव्यता ........ २०

***भाग : ४ ........ २१***

***व्यवसायिक तरकारी खेती र समस्या ........ २१***

४.१. कृषि ........ २१
४.२. सडक तथा यातायात ........ 21
४.३. तरकारी खेतीको लागि भौतिक पूर्वाधारहरुको अभाव ........ २१
४.३.१. संकलन केन्द्र ........ २२
४.३.२. चिस्यान केन्द्र ........ २२
४.३.३. सिंचाई ........ २२
४.३.४.सडक ........ २२
४.४. सहकारी संस्था परिचालन ........ २२
४.५. चुनौतीहरु ........ २२

***भाग : ५ ........ २४***

*तरकारी खेती तथा बजारीकरण* ........ *२४*

५.१. मुख्य १० मौसमी तथा बेमौसी तरकारीहरु ........ २४

५.२. मूल्य तथा कुल मूनाफा ........ २४

५.३. भण्डारण क्षति ........ २५

५.४. बजार तथा प्रतिस्पर्धा ........ २५

५.५. तरकारी उत्पादन क्रियाकलापमा सहभागिता ........ २७

५.६. तरकारी खेतीको अवसर र अवरोधहरु ........ २७

५.७. बजारमा आधारीत समाधान ........ २९

५.८. तरकारी व्यवसाय प्रवर्द्दनको लागि रणनीतिक कार्यक्रमहरु ........ २९

५.८.१. अल्पकालिन कार्यक्रमहरु ........ ३०

५.८.१.१. उत्पादन तर्फका कार्यक्रमहरु ........ ३०

५.८.१.२. बजारीकरण तर्फका कार्यक्रमहरु ........ ३०

५.८.१.३. संस्थागत विकास र नीति ........ ३१

५.८.२. दिर्घकालिन योजना तथा कार्यक्रमहरु ........ ३१

५.८.२.१. उत्पादन सम्बन्धी क्रियाकलाप ........ ३१

५.८.२.२. बजारीकरण क्रियाकलाप ........ ३१

५.९. कार्ययोजना ........ ३१

*अध्याय : ६* ........ *३३*

*सुझावहरु तथा निष्कर्ष* ........ *३३*

# भाग : १
# परिचय

## १.१. पृष्ठभूमी

नेपालमा करिव ८० प्रतिशत मानिसहरुले कृषि पेशालाई अंगालेको देखिन्छ तथापी राष्ट्रिय उत्पादनमा कृषि क्षेत्रको योगदान भने ज्यादै न्यून छ । यति धेरै मानिसहरुको मुख्य पेशा कृषि भएर पनि उत्पादन न्यून हुनको मुख्य कारण जिविकोपार्जनमा आधारित परम्परागत खेती प्रणाली नै हो । नेपालको विकासको मुख्य कडी नै कृषि विकास हो । कृषिको विकासका लागि कृषि क्षेत्रको समग्र विकास हुनु जरुरी छ । एक पक्षको विकासले अर्को पक्षलाई असर गर्दछ । कृषिको व्यवसायिक उत्पादन, सोको व्यवसायिक वितरणले कृषि क्षेत्रको विकासका साथै उपभोक्ताको अधिकारलाई समेत ध्यानमा राखेको हुनपर्दछ । यसको लागि उत्पादन देखि वितरण प्रणालीहरुमा व्यापक र सचेततापूर्वक सुधारको खाँचो छ । यसको नीतिगत सुधार पहिलो प्राथमिकतामा रहन्छ भने नीतिले विस्तारै भौतिक संरचनाहरुमा परिर्वतन ल्याउछ जसले दिगो विकास हुनमा मद्दत गर्दछ ।

नेपालमा एकतर्फ उत्पादन प्रणालीमा आधुनिकता आउन सकेको छैन् भने अर्कोतिर आधुनिकताको नाममा असुरक्षित प्रणालीहरु अंगालिएको अवस्था छ । निर्वाहमूखि खेती प्रणाली, जमिनको खण्डीकरणले उत्पादनमा ह्रास, आधुनिकताको नाम भित्रिएका मल, विऊ, किटनासक औसधिको प्रयोगमा सावधानी नअपनाउनाले उपभोक्ताको स्वच्छ खाद्यान्नको अधिकार कुण्ठीत हुनका साथै अस्वस्थ बजारीकरण र नियमनको अभावले उपभोक्ता र उत्पादक बीचमा लामो दुरी कायम भएको अवस्था छ । यस्तो प्रकारको अव्यवस्थित विकासले अन्तत विनास गर्छ र त्यो दिगो पनि नहुने निश्चित छ । तमाम समस्याहरुको समाधानको लागि नियमन संस्थाले नियमित नियमन, नीतिगत सुधार र सोको प्रभावकारी कार्यन्वयन गर्ने, उत्पादकले स्वच्छ कृषि उपजहरुको उत्पादन गर्ने, वितरकले समयमा, पौष्टिकता ह्रास नहुने गरी उपभोक्तासम्म वितरण गर्ने अवस्थाको सृजना गर्नुपर्ने आजको आवश्यकता हो । कृषिमा व्यवसायिकरण नाराले मात्र हुँदैन् यसको लागि व्यवहारमा लागु गरिनु पर्दछ । उत्पादकलाई व्यवसायिक बनाउने नीति ल्याउनु, कृषि उपजहरुको विक्री वितरणको लागि आवश्यक पूर्वाधार निर्माण एवं नियमन गर्ने, उत्पादनको समानुपातिक वितरण हुने वातावरणको निर्माण गर्नुपर्छ ।

नेपालमा उत्पादनको ठूलो हिस्सालाई भौतिक पूर्वाधार अभावमा लामो समयसम्म राख्न नसकिने, त्यसै खेर जाने, यातायातको अभावले वितरणमा समस्या भएको छ । भौतिक पूर्वाधारको सहि ठाउँमा विकास नभएमा वितरक र उपभोक्ता बीचमा खाडल देखिन आउँछ । शहरी क्षेत्रमा सेवा क्षेत्रको विकास तिव्रतर हुन्छ जहाँ कृषि उत्पादन ज्यादै कम हुने गर्दछ । तराई तथा ग्रामीण क्षेत्रमा सेवा भन्दा कृषि व्यवसायको व्यापकता हुन्छ । सहरबाट सेवा र कृषि क्षेत्रबाट खाद्यान्नको आदानप्रदान हुन्छ । कृषि उत्पादनको सहरी क्षेत्रमा वितरण गरी सहरी क्षेत्रको खाद्यान्न समस्या समाधान गरिनु आजको आवश्यकता हो । यसको लागि भौतिक संरचना दिगो र व्यवस्थित हुन जरुरी छ । यसमा पनि नगदे बालीहरुको उत्पादन प्रणाली ज्यादै कमजोर छ । उपभोक्ताले स्वच्छ, सफा तरकारी तथा फलफूल खान पनि नपाउने र उत्पादकले सोको उचित मूल्य पनि प्राप्त नहुने आजको प्रमुख समस्या हो । यसले नत उपभोक्तालाई नत उत्पादकलाई फाइदा हुन्छ । जबसम्म उपभोक्ता र उत्पादक बीचमा सिधा सम्बन्ध कायम हुँदैन तवसम्म कृषिको दिगो विकास हुन सक्दैन् । यसको लागि व्यवस्थित योजना प्रणालीहरुको विकास र कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

## १.२. औचित्य र आवश्यकता

मेलम्ची नगरपालिकाको कुल जनसंख्या मध्ये ८० मानिसहरुको प्रमुख पेशाको रुपमा कृषि रहेको छ । कुल भू भाग मध्ये ६२ प्रतिशत भूभाग खेती योग्य रहेको छ । कुल खेती योग्य जमिनको ४२ प्रतिशत जमिनमा मात्र खेती गरिएको अर्थात २० प्रतिशत खेतीयोग्य जमिन बाँझो रहेको छ । नगरको अधिकांश स्थानमा जिविकोपार्जनको लागि खेती गरिएको छ । कृषि पेशालाई व्यवसायिक बनाउन नसकेको अवस्था छ । मेलम्चीमा तरकारी खेतीको प्रवल संभावना यस कारण छ की खाद्यान्न बालीको प्रति हेक्टर उत्पादकत्व १.८ टन रहेकोमा तरकारीको उत्पादकत्व ८ देखि १२ टन रहेको छ । तरकारी खेतीप्रति कृषकको आकर्षण, नगरको प्रत्यक्ष सहभागिता, बजारको सुनिश्चितता, युवा लक्षित

कार्यक्रम, एकिकृत तरकारी खेती, सहकारीतामा आधारीत खेतीका अवधारणाहरु व्यवहारमा प्रभावकारी कार्यान्वयन गर्न नसकेकोले तरकारी खेतीमा उच्च उत्पादकत्व हुँदा हुँदै पनि व्यवसायिक तरकारी खेती भर्खरै शुरुवात भएको देखिन्छ । नगरका कृषकहरुको आर्थिक विकास र हरित कृषि नगर निर्माणको लागि तरकारी खेतीको उच्च संभावना रहेका वडाहरुलाई तरकारी पकेट क्षेत्र घोषणा, व्यवसायिक उत्पादन, भण्डारण र प्रशोधन स्थलहरुको निर्माण गर्नु पर्ने आजको आवश्यकता र आम कृषकहरुको माग समेत रहेकोले यो तरकारी खेती सम्बन्धि संभाव्यताको अध्ययन गरिएको हो ।

## १.३. उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य मेलम्ची नगरपालिका क्षेत्रभित्र तरकारी (मौसमी तथा वेमौसमी) खेतीको अवस्था, संभावनाको बारेमा अध्ययन गरि आवश्यक योजना तर्जूमाको लागि मार्गदर्शन गर्नु रहेको छ । यस अध्ययनका अन्य उद्देश्यहरुमा निम्न बमोजिम रहेका छन् ।

- मेलम्ची नगरपालिकाको हालको तरकारी खेतीको अवस्था बारे अध्ययन गर्ने ।
- तरकारी खेतीको संभाव्यता अध्ययन गरि प्रतिवदेन पेश गर्ने ।

## १.४. अध्ययनको कार्यक्षेत्र

तरकारी खेतीको संभाव्यता अध्ययनको लागि मेलम्ची नगरपालिकाका १३ वटै वडामा स्थलगत अध्ययन गरी कुन कुन क्षेत्रमा के कस्तो तरकारी खेतीको भईरहको र संभावना छ भनी अध्ययन गर्ने रहेको थियो ।

## १.५. अध्ययन विधि

मेलम्ची नगरपालिकाको कार्यालय र यस परामर्शदाताबीच भएको सम्झौता अनुरुप मेलम्ची नगरपालिकाको एकिकृत सहरी विकास योजना तर्जुमाको भई रहेको सन्दर्भमा योजनाले तोकेका केही मुख्य परियोजनाकाहरुको संभाव्यता अध्ययन गर्नु पर्ने कार्यदेश अनुसार तरकारी खेतीको संभाव्यता छनौटमा परेकोले मेलम्ची नगरपालिका भित्र तरकारी खेतीको अवस्था, भविष्यको संभावना, स्थानीयहरुको तरकारी खेती प्रतिको लगाव सम्बन्धी जनाकारी, सरोकारवाला निकायहरुसँगको छलफल/अन्तरक्रिया, स्थलगत अध्ययन भ्रमण, गरी यो प्रतिवेदन तयार गरिएको छ । विकासका हरेक चरणमा सबै जनताको समान पहुँच होस् भन्ने कुरालाई मनन गरी सहभागी तथा समतामुलक प्रकृयाबाट यो प्रतिवेदन तयार गरिएको छ । अध्ययनको कार्य विधिमा नगरपालिकाको स्थलगत सर्वेक्षण, अवलोकन, नगरपालिकाका नवनिर्वाचित पदाधिकारीहरु, नगरपालिकाभित्रका दलिय प्रतिनिधि, स्थानीय जनसमुदाय तथा प्रमुख सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, औपचारिक तथा अनौपचारिक छलफल, लक्षित समूह छलफल साथै स्थानीय निकाय एवं अन्य स्रोतबाट संकलित सूचना, जानकारी एवं तथ्यांकहरुलाई अध्ययन तथा विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.६. तथ्यांक संकलन

तरकारी खेतीको संभाव्यता अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय स्तरका तथ्यांकहरु विभिन्न विधिहरुको प्रयोग गरि संकलन गरिएको थियो ।

### १.६.१. द्वितीय तथ्यांक संकलन

क) विभिन्न कार्यालयका अध्ययन प्रतिवेदनहरु जस्तैः नगरपालिका कार्यालयका प्रतिवेदनहरु, जिल्ला कृषि कार्यालय, शिक्षा, कृषि, तथा अन्य कृषि विकास सम्बन्धी कार्य गर्ने गैर सरकारी संघ संस्थाबाट प्रकाशित प्रतिवेदन, नगरपालिकाको पार्श्वचित्र आदिबाट आवश्यक तथ्यांक तथा जानकारी संकलन गरिएको थियो ।

ख) नगरपालिका कृषि सेवा केन्द्रबाट आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

### १.६.२. प्राथमिक तथ्यांक संकलन

तरकारी खेती संभाव्यता अध्ययनको लागि आवश्यक पर्ने तथ्यांकहरु स्थलगत अध्ययन, भ्रमण तथा विभिन्न निकाय/व्यक्तिहरुसँग औपचारिक तथा अनौपचारिक छलफल, अन्तरक्रियाको माध्यमबाट संकलन गरिएको थियो । प्राथमिक तथ्यांक, सूचना, जानकारी तथा योजनाहरु तल उल्लेखित विधि तथा प्रक्रियाबाट संकलन गरिएको थियो ।

**क) आर्थिक विकास समिति छलफल**

नगरपालिकाको आर्थिक विकास समितिसँग आर्थिक क्षेत्र अन्तरगतको कृषि व्यवसायको अवस्था र तरकारी खेतीका संभाव्य स्थानहरुको पहिचान, समस्या, संभावना लगाएतका विषयमा निर्वाचित प्रतिनिधि, कृषि विकाससँग सम्बन्धीत संघसंस्थाका प्रतिनिधिहरु, कृषक समूहका प्रतिनिधिहरुको सहभागितामा छलफल र परामर्श गरिएको थियो ।

**ख) स्थलगत अध्ययन, अवलोकन भ्रमण**

तरकारी खेतीको लागि संभाव्य स्थानहरुको पहिचान पश्चात कृषि विज्ञहरुको टोलीले सम्बन्धीत क्षेत्रको स्थलगत भ्रमण गरी योजना क्षेत्रको समस्या संभावनालाई स्थलगत अध्ययन भ्रमण गरी प्राविधिक दृष्टिकोणले संभाव्य भए नभएको र स्थानीय कृषकहरुको धारणा र उनीहरुले गरिरहेका तरकारी खेतीको अवलोकन गरिएको थियो ।

**ग) सामुदायिक/लक्षित/समूहगत छलफल**

समुदाय स्तरसम्मको तथ्यांक संकलन तथा समस्याको पहिचान गर्नको लागि कृषक समुह, कृषि सहकारीहरुसँग विभिन्न वडास्तरमा छलफल र उनीहरुका कार्यहरुको अध्ययन गरिएको थियो ।

**घ) वडा स्तरीय भेला**

नगरको एकिकृत विकास योजना तर्जूमाको लागि सबै वडाहरुमा योजना तर्जूमा टोलीका प्राविधिकहरुले वडा स्तरीय भेलाको आयोजना गरी वडा स्तरका रहेका विषयगत समस्याहरुको पहिचान गर्ने क्रममा तरकारी खेतीको लागि संभाव्य क्षेत्रहरु बारेमा छलफल गर्ने, तरकारी खेती सम्बन्धी तथ्यांक संकलन तथा बास्तविकस अवस्थाको दृष्टांगत गरिएकोथियो ।

**ङ) प्रमुख सूचनादाता अन्तरवार्ता**

कृषि प्राविधिक तथा कृषि व्यवसाय गरिरहेका अनुभनी किसानहरुलाई प्रमुख सूचनादाताको रुपमा लिई उनीहरुका अनुभव, प्राविधिक समस्या, तरकारी खेतीको संभावना, योजनाले समेट्नु पर्ने क्षेत्रहरुका बारेमा छलफल, अन्तरवार्ता, भेटघाट गरियो ।

**च) अन्य सरोकारवाला निकायहरुसँगको छलफल/अन्तर्क्रिया**

एकिकृत नगर विकास योजना तयारीको लागि मेलम्ची नगरपालिकाका राजनैतिक दलका प्रतिनिधिहरु, स्थानीय समाजसेवीहरु, बुद्धिजिवी, पत्रकार र अन्य सरोकारवाला निकायहरु सम्मिलित छलफल/अन्तर्क्रिया, कार्यशाला गोष्ठी गरियो । यस किसिमका छलफल/अन्तर्क्रियाबाट कृषि विकास (तरकारी खेती) सम्बन्धमा सवल पक्ष, दुर्लभ पक्ष, चुनौति र अवसरहरुको विलेषण, समस्याहरुको पहिचान गर्न सहजता मिलेको थियो ।

## १.७. तथ्यांक प्रशोधन र विश्लेषण

तरकारी खेतीको संभाव्यता अध्ययनको लागि संकलित तथ्यांकहरुलाई विभिन्न विधिहरुको माध्यामबाट प्रशोधन र सोको विश्लेषण गरी गरिएको थियो ।

### १.७.१. भौतिक विश्लेषण

मेलम्ची नगरपालिका क्षेत्रमा तरकारी खेती गर्न र उत्पादीत उत्पादनहरुको संकलन, भण्डारण, बजारीकरणको लागि आवश्यक पूर्वाधारहरुको अवस्था र आवश्यकताको अध्ययन गरिएको थियो ।बाटोघाटोको सहज पहुँच नहनु, संकलन तथा भण्डार केन्द्रको अभाव, सिंचाईको समस्या लगाएतका समस्याहरुको पहिचान गरिएको थियो ।

### १.७.२. सामाजिक स्थिति विश्लेषण

कृषि पेशा प्रतिको सामाजिक तथा सास्कृतिक भावना, मनोबृतिर समाजमा कृषक र अन्य पेशा बीचको विभेद लगाएका विषयहरुमा विश्लेषण गरिएको थियो खासगरी यस अन्तर्गत जनसंख्या वृद्धि, बसाईसराइको प्रवृति, कृषि प्रतिको धारणा, युवाहरुको सहभागिताको अध्ययन गरिएको थियो ।

### १.७.३. आर्थिक स्थिति विश्लेषण

आर्थिक स्थिति विश्लेषण अन्तर्गत कृषिको विविधिकरण तथा विकास र विस्तार, ग्रामिण-सहर अन्तरसम्बन्ध, उत्पादन, नगदेबाली, साना तथा मझौला कृषि उद्योग र व्यवसायिक गतिविधि, कृषि विकास, तरकारी खेती र सोको अवस्था, समस्या र संभावनालाई समेटी विद्यमान कृषि गतिविधिको आधारमा भविष्यको संभावनालाई समेटियो ।

## १.८. अध्ययनका सीमा

- पूर्व अध्ययनका स्रोतहरु, तथ्यांक, स्थलगत अनुगमन तथा लक्षित समूह भेलाबाट संकलन गरिएका जानकारीहरु तथा तथ्यांकबाट संभाव्यताको अध्ययन गरिएको ।
- नगरको एकिकृत योजनाभित्रको एक संभाव्यता अध्ययन भएकोले समय र स्रोतको अप्रर्याप्तता ।
- नगर क्षेत्रको सबै स्थानको स्थलगत भ्रमण र किसानहरुको समस्या, माटोको गुणस्तरीयता र परिक्षण तरकारी खेतीको लागि जनशक्ति विकास प्रक्रिया बारे विस्तृत अध्ययन गर्न नसकिएको ।

## भाग : २
## नगरको भौगोलिक तथा जनसांख्यिक स्थिति

### २.१. भौगोलिक अवस्थिति

मेलम्ची नगरपालिका नेपालको प्रदेश नं. ३ को बागमती अञ्चलको सिन्धुपाल्चोक जिल्लामा अवस्थित छ । राजधानीबाट अरनिको राजमार्ग तथा साँखु मार्ग हुँदै मेलम्ची पुग्न सकिन्छ । हाल मेलम्ची नगरपालिकामा भोटेचौर, हैवुङ, थकनी, सिन्धुकोट,तालामराङ, दुवाचौर, ज्यामिरे, शिखरपुर, मेलम्ची, बाँसबारी र फटकशिला गाभेर मेलम्ची नगरपालिकाको निमार्ण भएको हो । यो नगरपालिका क्षेत्र ८५$^0$ ४४८' देखि ८५$^0$६४९' पूर्वी देशान्तर, २७$^0$७४४' देखि २७$^0$ ८९८' उत्तरी अक्षांशसम्म फैलिएको छ। यो नगरपालिकाको सबैभन्दा होचो स्थान ७०२.५३ मि (तिनघरे)हो र सबैभन्दा उच्च स्थान २४५०.४५मि (मूलखर्कमा)हो ।नगरपालिकाको कुल क्षेत्रफल १६०.६३ वर्ग कि. मि.  रहेको छ  र यो सिन्धुपाल्चोक जिल्लाको ६.३१ प्रतिशत भूभाग हो । १३ वटा वडामा विभाजित गरिएको यस नगरपालिकाको पूर्वमा इन्द्रावती र पाँचपोखरी गाउँपालिकाहरु, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला, उत्तरमा पाँचपोखरी, थाङपाल र हेलम्बु गाउँपालिकाहरु तथा दक्षिणमा काठमाडौं र काभ्रेपलाञ्चोक जिल्लाका सिमाना रहेका छन् ।

### २.२. हावापानी

मेलम्ची नगरपालिकाको तल्लो भू-भागमा (२००० मिटर भन्दा तल) अर्धउष्ण हावापानी पाइन्छ भने माथिल्लो भू-भागमा(२००० मिटर भन्दा माथि) शितल समशीतोष्ण हावापानी पाइन्छ । यस नगरपालिकामा असाढ,श्रावण, भाद्रमा भारी वर्षा हुन्छ भने यस क्षेत्रमा वार्षिक औषत १७२८ मिलिमिटर वर्षा हुन्छ। यसैगरी यस क्षेत्रको वार्षिक औषत तापक्रम २०.८ डिग्री सेल्सियस हो । यसैगरी यहाँको गर्मीयामको औसत तापक्रम २५.८ डिग्री सेल्सियस हो भने जाडोयामको औसत तापक्रम १३.३ डिग्री सेल्सियस हो (climate-data.org)। यस प्रकृतिको हावापानी खाद्यान्न, तरकारी तथा फलफूल बाली उत्पादनको लागि ज्यादै उपयुक्त मानिन्छ ।

### २.३. भू-उपयोग

मेलम्ची नगरपालिकाका सबैभन्दा बढी भूभाग (६५.४४% अर्थात १०५.११ वर्ग किमि) खेतीयोग्य जमिनले ढाकेको हुनाले यो क्षेत्र कृषि योग्य छ भन्ने बुझ्न सकिन्छ ।खेती योग्य भूमिका हरेक स्थानमा तरकारी खेतीको संभावना रहेको छ । नदी किनारमा अवस्थित समथर जमिनदेखि पहाडको भिरोल जमिन जहाँ विभिन्न किसिमका तरकारीहरुको सजिलै खेती गर्न सकिन्छ । मेलम्ची नगरपालिकामा देशको अन्य क्षेत्रको तुलनामा  बाँझो जमिन निकै न्यून देखिन्छ । (एकिकृत नगर विकास योजना दस्तावेज, २०७५)

### २.४.भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)

जमिनको भिरालोपनामा आउने वृद्धिसँगै जमिनको उर्वराशक्ति, भू-क्षयको सम्भावना, उत्पादन विभिन्नत र अवसर तथा सम्भावनाहरुको अवस्थामा प्रतिकूल परिवर्तन आउने गर्दछ । अधिकांश मुलुकले १८ डिग्री भन्दा कम भिरालो जमीनलाई वस्ती तथा खेतीको लागि उपभोग गरेको देखिन्छ । नेपालको सन्दर्भमा ३० डिग्री भन्दा भिरालो जमिनलाई खतरायुक्त जमिन मान्दा मेलम्ची नगरपालिकामा १६% जमिन यस प्रकृतिको रहेको छ ।**५ डिग्री भन्दा कम भिरालो जमिन** पहाडको वेशी तथा नदी खोला किनारहरुमा पाइन्छ । यसमा सामान्यतया गरा प्रणाली अपनाएर खेती गर्न सकिन्छ । भू-क्षयलाई सजिलै नियन्त्रण गर्न सकिने हुँदा यो बसोबास र खेतीको लागि उत्तम जमिन हो । मेलम्ची नगरपालिकाकोजम्मा २.३२% जमिन यस क्षेत्रमा अवस्थित छ ।**५ डिग्री देखि १५ डिग्री भिरालो जमिन**लाई मध्यम श्रेणी भिरालो जमिनको रुपमा लिइन्छ । साधारणतय गरा प्रणाली अपनाएर यसको उपयोग गर्न सकिन्छ । मेलम्ची नगरपालिकामा जम्मा १४.६६% जमिन यस प्रकृतिको रहेको छ । **१५ डिग्री देखि ३० डिग्री भिरालो जमिन**लाई भिरालो श्रेणीको जमिनको रुपमा लिइन्छ । सावधानिपूर्वक गरा प्रणाली अपनाएर यसको उपयोग गरी भू-संरक्षण र मैत्रीपूर्ण वातावरण सृजना गर्न सकिन्छ । तर सामान्तया यसमा भू-

क्षयको सम्भावना बढी रहन्छ । मेलम्ची नगरपालिकाको अधिकांश भू-भाग (६७.०२%) यो श्रेणीको भिरालो जमिनमापर्दछ । बाँकी जमिन भने निकै भिरालो भएकोले खेतीको लागि त्यती उपयूक्त मानिन्दैन् ।

## २.५. जनसांखिक विवरण

मेलम्ची नगरपालिकामा जम्मा ११,८३२ घरधुरी र ५८,८१४ जनसंख्या रहेका छन् जुन सिन्धुपाल्चोक जिल्लाको कुल घरधुरीको १७.७४% र जिल्लाको कुल जनसंख्याको २०.४३% हो ।यस नगरपालिकाको जनघनत्व ३६६ व्यक्ति प्रति वर्ग कि. मि. रहेको छ ।

**तालिका नं.: १. जनसंख्या विवरण**

| घरधुरी संख्या | जनसंख्या | | | क्षेत्रफल वर्ग किमि | जनघनत्व | परिवारको आकार | महिला पुरुष अनुपात |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | | | |
| ११८३२ | २९११८ | २९६९६ | ५८,८१४ | १६०.६३ | ३६६ | ४.९७ | ०.९८ |

स्रोत: नगर पार्श्वचित्र मेलम्ची, २०७४ ।

## २.६. आम्दानी स्रोतको विवरण

कृषि नै मेलम्ची नगरपालिकाको मुख्य पेशा भएकोले अधिकांश (९८.८२% अर्थात ११६९२) घरधुरीको मुख्य आम्दानीको स्रोत कृषि रहेको छ ।

**तालिका नं.: २. आम्दानीको श्रोत**

| आम्दानीको स्रोत | कृषि | नोकरी | व्यापार/व्यवसाय | भत्ता | विप्रेषण | अन्य |
|---|---|---|---|---|---|---|
| **घरधुरी संख्या** | ११६९२ | २३०५ | ११९१ | २०९ | १०५४ | १५८ |
| **प्रतिशत %** | ९८.८२ | १९.४८ | १०.०७ | १.७७ | ८.९२ | १.३४ |

स्रोत : नगर पार्श्वचित्र मेलम्ची, २०७४

## २.७. तरकारी खेतीको लागि नीतिगत व्यवस्था

व्यापार नीति २००९ ले अर्गानिक, स्वच्छ तरकारीको उत्पादनलाई प्रोत्साहन गर्दै भन्सारमा तरकारीको निर्यातको लागि चिस्यान केन्द्रको स्थापना गर्नुपर्ने प्रवधान राखेको छ । साथै नीतिमा विदेशबाट तरकारी आयत गर्नेहरुलाई नेपालमा तरकारीको उत्पादन लगानी गर्न समेत प्रोत्साहन गरेको छ । नेपाल सरकारले नेपाल व्यापार एकिकृति रणनीतिमा तरकारी उत्पादन निर्यातको लागि विभिन्न सुविधाहरुको व्यवस्था गरेको छ । प्रतिस्पर्धात्मक क्षमता बढाउनको लागि असल कृषि प्रणालीहरु, एकिकृत शत्रुजीव व्यवस्थापना, गुणस्तरीय व्यवस्थापन प्रणालीहरु, तेस्रो पक्ष गुणस्तर प्रमाणीकरण गराउने सुविधाहरु दिएको छ ।

# भाग : ३
# तरकारी उत्पादनकोअवस्था र संभाव्यता

## ३.१. कृषि उत्पादन

यस नगरपालिकाका मानिसहरुको मुख्य पेशा नै कृषि हो । समथर भू-भाग, अनुकुल हावापानी र केही भागमा सिंचाइको सुविधा उपलब्ध रहेकोले यहाँ तरकारी खेतीको उच्च उत्पादकत्व रहेको छ । साथै यो नगरपालिका काठमाडौंबाट नजिक रहेकोले उत्पादन भएका कृषि सामाग्रीहरु यहीँ केही खपत भई बाँकी राजधानीसम्म पुग्ने गरेको छ । यी कारणहरुले गर्दा यो नगरपालिका कृषि उत्पादनको दृष्टिले पनि उच्च क्षमता भएको क्षेत्र मान्न सकिन्छ ।

**तालिका नं.: ३. प्राथमिकताका आधारमा बालीको विवरण**

| क्र.स. | वडा नं. | प्राथमिकताको आधारमा बालीहरुको विवरण | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | द्वितिय | तृतिय | अन्य |
| १ | १ र २ | मकै | धान | | तरकारी, गोलभेडा, काउली, बन्दागोबी, बोडी, काँक्रो, करेला |
| २ | ३ | मकै | धान | | तरकारी, गोलभेडा, काउली, बन्दागोबी, बोडी, काँक्रो, करेला |
| ३ | ४ | मकै | धान | | तरकारी, गोलभेडा, काउली, बन्दागोबी, बोडी, काँक्रो, करेला |
| ४ | ५ | मकै | मकै | मकै | तरकारी, बर्षे फलफूल, मास, भटमास, तोरी |
| ५ | ६ | मकै | मकै | | तरकारी, गोलभेडा, काउली, बन्दागोबी, बोडी, काँक्रो, करेला, आँप, भटमास, गहत, मस्याङ, फापर, अदुवा, आलु |
| ६ | ७, ८ | मकै | कोदो | | गहत, मस्याङ, मास, रहर, आलु, तरकारी, बर्षे फलफूल |
| ७ | ९ | मकै | कोदो | | गोलभेडा, काउली, बन्दागोबी, बोडी, काँक्रो, करेला, आँप, भटमास, गहत |
| ८ | १० | मकै | धान | | गहुँ, हिउँदे फलफूल, तरकारी, मसलावाली |
| ९ | ११ | धान | धान | मकै | गहत, मस्याङ, मास, रहर, आलु, तरकारी, बर्षे फलफूल, तरकारी |
| १० | १२ | धान | मकै | कोदो | गहुँ, हिउँदे फलफूल, तरकारी, मसलावाली |
| ११ | १३ | धान | धान | मकै | केरा, आलु, भटमास |

स्रोत : नगर पार्श्वचित्र मेलम्ची, २०७४

तरकारी खेतीमा उच्च उत्पादकत्व हुँदा हुँदै माथिको तालिकामा तरकारी खेती तेस्रो प्राथमिकतामा पर्नुको मुख्य कारणहरुमा तरकारी उत्पादनका लागि भौतिक पूर्वाधारहरुको अभाव, बजार सुनिश्चित नहुनु, भण्डारण र प्रशोधनको समस्या, तरकारी खेती सम्बन्धि प्राविधिक ज्ञानको अभाव, व्यवसायिक खेतीको बारेमा कृषकहरु न्यून जानकार आदि रहेको देखिन्छ ।

## ३.२. नगरको जिविकोपार्जनको अवस्था

मेलम्ची नगरपालिकाका मानिसहरु मुख्यतय धान, गहुँ, मकै, कोदो जस्ता अन्न उत्पादन गरी जिविकोपार्जन गर्ने गर्दछन् । अन्न उत्पादनले मात्र बर्षभरीलाई खान नपुग्ने भएकाले यहाँका मानिसहरुको जिविकोपार्जनको लागि अन्य विकल्पहरु जस्तैः पशुपालन, तरकारी खेती, नगदेबाली (अलैंची, कफी, चिया, आदि), बैदेशिक रोजगारी, ज्यालादारी, वनपैदावर गैह काष्ठ उत्पादन तथा काठ विक्रि गर्ने तिर आकर्षितभएका छन् । नगरपालिकाको उत्पादनस्थितिलाई हेर्दा तेस्रो चौथौ विल्कपका रुपमा तरकारी खेती देखिन्छ । यसको मुख्य कारण बजारको पहुँच

हो । विगतको तुलनामा मेलम्ची राजधानीको दुरी सडकहरुको स्तरोन्नतीले घटिरहेको छ । मेलम्चीको ताजा तरकारी राजधानी सजिलै पुग्न सक्ने, नगरका ग्रामीण भागहरुका सडकहरुको स्थिति सुधार आउने हो भने तरकारी खेती पहिलो दोस्रो विकल्प हुन आउने छ । नगरको वडागत जिविकोपार्जको विकल्प निम्नानुसारको देखिन्छ ।

| वडा नं. | तालिका नं.: ४. जिविकोपार्जनको विकल्प | | | | |
|---|---|---|---|---|---|
| | पहिलो विकल्प | दोस्रो विकल्प | तेस्रो विकल्प | चौथो विकल्प | पाँचौं विकल्प |
| १ र २ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | नगदेबाली (चिया, कफी, अलैंची) | बैदेशिक रोजगारी | सानो पशुपालन (खसी, कुखुरा) |
| ३ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | नगदेबाली (अलैंची) | बैदेशिक रोजगारी | सानो पशुपालन (खसी, कुखुरा) |
| ४ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | सानो पशुपालन ( खसी, कुखुरा) | बैदेशिक रोजगारी | वनपैदावर गैह्र काष्ठ उत्पादन तथा काठ विक्रि (उत्तिस) |
| ५ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | सानो पशुपालन ( खसी, कुखुरा) | व्यापार व्यवसाय | वनपैदावर गैह्र काष्ठ उत्पादन तथा काठ विक्रि (उत्तिस) |
| ६ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | नगदेबाली (कफी, अलैंची) | तरकारी (आलु) | ज्यालादारी |
| ७ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | बैदेशिक रोजगारी | नगदेबाली ( अलैंची, अदुवा) | सानो पशुपालन (खसी, कुखुरा) |
| ८ र ९ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | नगदेबाली ( अलैंची) | सानो पशुपालन (खसी, कुखुरा) | तरकारी (आलु) |
| १० | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन (गाई, भैंसी) | तरकारी खेती ( सबै) | सानो पशुपालन (खसी, कुखुरा) | ज्यालादारी |
| ११ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | तरकारी खेती | पशुपालन (गाई, भैंसी) | सानो पशुपालन (खसी, कुखुरा) | ज्यालादारी |
| १२ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | पशुपालन ( गाई, भैंसी) | सानो पशुपालन ( खसी, कुखुरा) | तरकारी खेती( आलु) | ज्यालादारी |
| १३ | अन्न उत्पादन (धान, मकै, गहुँ, कोदो) | तरकारी खेती ( आलु) | पशुपालन (गाई, भैंसी) | ज्यालादारी | सानो पशुपालन (खसी, कुखुरा) |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक ७०।७१ को प्रतिवेदन

## ३.३. जिल्लास्तरमा तरकारी उत्पादनको अवस्था

**तालिका नं.: ५. सिन्धुपाल्चोक जिल्लामा आ.व. २०७३।७४ मा उत्पादन भएका मुख्य तरकारी उत्पादनको विवरण**

| तरकारीको नाम | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (प्रति मे.ट./हे.) |
|---|---|---|---|
| Cauliflower/काउली | ७८६ | ११,७९० | १५ |
| Cabbage. /बन्दा | ४२३ | ६,३४५ | १५ |
| Tomato /टमाटर | ६८५ | ९,५९० | १४ |
| Radish/मूला | २७१ | २,९८१ | ११ |
| Spinach. /साग | २७२ | २,७२० | १० |
| Peas/केराउ | ७६ | ७६० | १० |
| Chilli /खुर्सानी | २६ | २६० | १० |

| तरकारीको नाम | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (प्रति मे.ट./है.) |
|---|---|---|---|
| Okra /चिप्ले भिण्डी | ४० | ४६० | १२ |
| Brinjal /भण्टा | ४५ | ३६० | ८ |
| Onion/प्याज | १४० | ९८० | ७ |
| Cucumber/काक्रो | १७० | ६८० | ४ |
| Pumpkin /फर्सी | १७० | ६८० | ४ |
| Bitter Gourd /तितेकरेला | ६३ | ६९३ | ११ |
| Sponge Gourd /घिरौला | १३० | १,३०० | १० |
| Coriander Leaf/धनीयाँको पत्ता | २५ | १०० | ४ |
| Colocasia /पिँडालु | १०४ | ७२८ | ७ |
| Yam/तरुल | २८ | १९६ | ७ |

स्रोतः कृषि विकास मन्त्रालय, २०७४

## ३.४. बाली उत्पादनर उत्पादकत्व

आलु १२.६ टन प्रति हेक्टर, गोलभेडा, काक्रो, फर्सि, लौका, चिचिण्डो, घिरौला, करेला, स्कूस, सिमि र भण्टा जस्ता बर्षे तरकारी ८.७५ टन प्रति हेक्टर, स्याउ, नास्पाती, हलुवावेद, आलुबखडा, खुर्पानी र लप्सी जस्ता हिउँदे फलफुल ८.२७ टन प्रति हेक्टर, अम्बा, कफि, आँप, लिचि, रुखकटहर, केरा र भइँकटहर जस्ता वर्षे फलफुल २.६२ टन प्रति हेक्टर, सुन्तला, जुनार, ज्यामीर, भोगटे र कागती जस्ता सुन्तलाजाल फलफुल ४.६३ टन प्रति हेक्टर, खुर्सानी, लसुन, अदुवा, बेसार, धनिया र अलैंची जस्ता मसला बाली ४.१६ टन प्रति हेक्टर तथा प्याज, काउली, बन्दा, ब्रोकाउली, पालुङो, चंसुर, रायो, मुला र गाजर जस्ता हिउँदे तरकारी ८.१९ टन प्रति हेक्टर उत्पादन हुने देखियो ।आलु, तरकारी, फलफूल मसलाजन्य उत्पादनका अतिरिक्त मेलम्ची, शिखरपुर, हैबुङका केही ठाउँहरुमा रेन्बो ट्राउट तथा कार्प जातका माछा पालन हुन्छ भने मेलम्ची र तालामाराङका १ हेक्टर जमिनमा च्याउ खेती हुने देखियो ।

**तालिका नं.: ६.खाद्यान, दलहन, तेलहन तथा तरकारी उत्पादन, उत्पादकत्व**

| बाली | खाद्यान्न बाली | दलहन बाली | तेलहन बाली | आलु | बर्षे तरकारी | हिउदे फलफुल | वर्षे फलफुल | सुन्तलाजात फलफुल | मसला बाली | हिउँदे तरकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (हे.) | ९८६८.३ | १५२.७ | ९६.३ | ६१०.५ | ५०२.३ | १४७.४ | ३३४.९ | १५०.६ | ४०७.५ | ४६३.६ |
| उत्पादन ( टन) | १७५९४ | १४०.२ | ६६.३ | ७६९३ | ४३९८ | १२१९ | ८७९.९ | ६९८.७ | १६९६ | ३८०१ |
| उत्पादकत्व ( टन/हें) | १.७८२८ | ०.९१८ | ०.६८८ | १२.६ | ८.७५५ | ८.२७३ | २.६२७ | ४.६३९ | ४.१६२ | ८.१९९ |

स्रोत : मेलम्ची कृषि सेवा केन्द्रको कृषि प्रोफाइल तथा तथ्यांक, २०७२/०७३

क्षेत्रफल, उत्पादन र उत्पादकत्वको हिसाले हेर्ने हो भने मेलम्ची नगरपालिकामा आलुको उत्पादकत्व सबैभन्दा बढी १२.६ प्रति हेक्टर रहेको देखिन्छ । त्यस पछि क्रमशः बर्षे तरकारी, हिउँदे फलफूल, हिउँदे तरकारी ८.८, ८.३ र ८.२ प्रति हेक्टर रहेको छ । खाद्यान्न बाली भन्दा हिउँदे तथा वर्षे तरकारीको उत्पादकत्व ४.९ गुणाले बढी हुने देखिन्छ ।

## ३.५. वडागत तरकारी उत्पादन (समग्रमा)

मेलम्ची कृषि सेवा केन्द्रको तथ्यांक अनुसार वडागत तरकारीको उत्पादन निम्नानुसार रहेको छ ।

**तालिका नं.: ७. वडागत तरकारी उत्पादनको विवरण**

| स्थान | वडा नं. | उत्पादन | आलु | बर्षे तरकारी | मसला बाली | हिउँदे तरकारी |
|---|---|---|---|---|---|---|

| स्थान | वडा नं. | उत्पादन | आलु | बर्षे तरकारी | मसला बाली | हिउँदे तरकारी |
|---|---|---|---|---|---|---|
| भोटेचौर | १, २ | क्षेत्रफल (हे.) | ७२ | ५२.२ | ५२.२ | ५१.४ |
| | | उत्पादन (टन) | ८२८ | ४२१.९ | १६४.९ | ३८३.४ |
| हैबुङ | ३ | क्षेत्रफल (हे.) | २६ | ३०.३ | २६.९ | ३५ |
| | | उत्पादन (टन) | २६० | १८१ | ५९.५ | ५४६.४ |
| थकनी | ४ | क्षेत्रफल (हे.) | ३४ | ३७.१ | ६३ | ४९ |
| | | उत्पादन (टन) | ३८०.८ | ३८२.१ | २७३.५ | २९२.२ |
| सिन्धुकोट | ५ | क्षेत्रफल (हे.) | १२.५ | २५.१ | १९.५ | २१.८ |
| | | उत्पादन (टन) | १२० | १४५.५ | २६६.२ | १४७.७ |
| तालामाराङ | ६ | क्षेत्रफल (हे.) | ६५ | ४९।५ | ४५।४ | ५२।७ |
| | | उत्पादन (टन) | ८७७.५ | ४५३.६ | १३१.९ | ३२६.७ |
| दुवाचौर | ७, ८ | क्षेत्रफल (हे.) | ३२ | ५०.५ | २८.२ | ३१.७ |
| | | उत्पादन (टन) | ३५८.४ | ४४१.९ | १३४.५ | २५३.४ |
| ज्यामिरे | ९ | क्षेत्रफल (हे.) | ५२ | ५९.४ | ६४.२ | २९ |
| | | उत्पादन (टन) | ५८२.४ | ४९५ | ६२ | २१७.९ |
| शिखरपुर | १० | क्षेत्रफल (हे.) | ४० | २९.८ | १३.३ | २३.१ |
| | | उत्पादन (टन) | ४४८ | २५३.१ | ५२.५ | १७८ |
| मेलम्ची | ११ | क्षेत्रफल (हे.) | ८५ | ५६.४ | ३८.५ | ७७.५ |
| | | उत्पादन (टन) | ११९० | ३८७.३ | २९०.८ | ६६०.७ |
| बाँसबारी | १२ | क्षेत्रफल (हे.) | ८० | ७४.६ | ३३.६ | ६३.७ |
| | | उत्पादन (टन) | १०८० | ८८४.९ | १९९.२ | ५८१.२ |
| फटकशिला | १३ | क्षेत्रफल (हे.) | ११२ | ३७.४ | २२.७ | २८.७ |
| | | उत्पादन (टन) | १५६८ | ३५१.५ | ६०.८ | २१३.५ |
| जम्मा | | **क्षेत्रफल (हे.)** | ६१०.५ | ५०२.३ | ४०७.५ | ४६३.६ |
| | | **उत्पादन (टन)** | ७६९३ | ४३९८ | १६९६ | ३८०१ |
| | | **उत्पादकत्व (टन/हें)** | १२.६० | ८.७६ | ४.१६ | ८.२० |

स्रोत : मेलम्ची कृषि सेवा केन्द्रको कृषि प्रोफाइल तथा तथ्यांक, २०७२/०७३

## ३.६. तरकारीको प्रकार अनुसार वडागत उत्पादन विवरण

मेलम्ची कृषि सेवा केन्द्रको कृषि प्रोफाइल तथा तथ्यांक २०७२/०७३ मा उल्लेख भए अनुसार हालमा मेलम्ची नगरपालिका क्षेत्रमा पर्ने तत्कालिन गा.वि.स.हरुको तरकारी उत्पादन क्षेत्रफल, उत्पादन, उत्पादकत्वको विवरण निम्नानुसार रहेको छ । यसै तथ्यांक तथा नगरको एकिकृत विकास योजना तर्जुमाको क्रममा वडास्तरीय भेलामा आएका समस्या, संभावना एवं योजनाहरुको आधारमा तरकारी खेती सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरिएको छ ।

### ३.६.१. भोटेचौर क्षेत्र (हाल मेलम्ची १ र २)

भोटचौर क्षेत्रलाई राजधानीसँग साँखु बाहुनेपाटी सडकले जोडेको छ । यी वडाको क्षेत्रफल १६१५ हेक्टर जमिन मध्ये १२६९ हेक्टर खेती योग्य जमिन रहेको छ । यस क्षेत्रमा ताजा तरकारीको खेती एक प्रमुख बालीको रुपमा रहेको छ । यस क्षेत्रलाई कृषि कार्यालयले तरकारी र अलैंचीको पकेट क्षेत्रको रुपमा लिएको छ । सिंचाईको सुविधा मध्यम रहेको, कृषिमा यन्त्रीकरण भईरहेको यस क्षेत्रमा बाँदर बालीको लागि प्रमुख शत्रुको रुपमा लिइन्छ । तरकारी खेतीको लागि लाही, सेतो भिँगा, औसा, गवारो मुख्य रुपमा रहेका छन् ।

**तालिका नं.: ८. तरकारीको प्रकार अनुसार वडा १ र २ कोउत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | १२.६ | ९०.७ | ७.२ | गोलभेंडा | ४.५ | ३६.९ | ८.२ |
| रायो | १४ | १५.४ | १.१ | काको | १०.२ | १३२ | १३ |
| गाँजर | २.८ | ११.४ | ४.१ | फर्सी | ४.६ | २३.९ | ५.२ |
| काउली | १२ | १७०.४ | १४.२ | लौका | ५.६ | ६१.६ | ११.२ |
| बन्दा | १२ | ६८.२ | १०.५ | चिचिण्डो | २.८ | १२.६ | ४.६ |
| प्याज | ३.८ | २७.३ | ७ | घिरौला | ३.६ | ३०.९ | ८.६ |
| अदुवा | ९ | ७३.३ | ८.२ | करेला | ६.५ | ४६.८ | ७.२ |
| वेसार | १२ | ७४.४ | ६.२ | स्कुस | ४.६ | ५२.९ | ११.५ |
| लसुन | ३.६ | ७.२ | २ | सिमि | ६ | १२ | २ |
| बर्षे र हिउँदे आलु | ७२ | ८२८ | ११.५ | भण्टा | ३.८ | १२.३ | ८.५ |

वडा नं. १ र २ मा सबैभन्दा वढी (१४.२ प्रति हेक्टर) काउलीमा रहेको छ ।काको, आलु, जाँजर, लौका, स्कुसको उत्पादकत्व ११ भन्दा माथि रहेको देखिन्छ । बन्दा, मूला, गोभेंडा, घिरौलाको उत्पादकत्व ८ देखि १०.५ सम्म रहेको छ । उत्पादकत्व बढी भएका तरकारीहरुको खेती गरिनु पर्दछ ।

### ३.६.२. दुवाचौर (हाल मेलम्ची ७, ८)

नगरपालिकाको सबै भन्दा दुर्गम वडाहरुको रुपमा दुवाचौर ७ र ८ रहेकाछन् । यी वडामा हिउँद यातायात साधनहरु चलेपनि वर्षामा कुनै साधन नचल्ने अवस्थाको मेलम्ची दुवाचौर सडक रहेको छ । यी वडा नगरकै ग्रामीण परिवेश रहेका वडा हुन् । दबै वडाको जम्मा क्षेत्रफल २०३६ हेक्टर रहेका र सो मध्ये १५७९ हेक्टर जमिन खेतीयोग्य रहेको छ । समुन्द्र सतहबाट ८२७ देखि १९०५ मी सम्मको उचाईमा अवस्थित यी वडा खाद्यान्नको पकेट क्षेत्र मानिएको छ । तुलनात्मक रुपमा यी वडामा तरकारी खेती न्यून गरिएको देखिन्छ । यसको मुख्य कारण यातायात र बजार पहुँच नै मान्न सकिन्छ । सिंचाईको सुविधा मध्यम रहेको, ४ कृषक समुह र २ कृषि सहकारी रहेको छ ।

**तालिका नं.: ९. तरकारीको प्रकार अनुसार वडा ७ र ८ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ६ | ५१.५ | ८.६ | गोलभेंडा | २.५ | २१.५ | ८.६ |
| रायो | १० | ४५ | ४.५ | काको | १३ | १२४ | ९.६ |
| गाँजर | .८ | ३.२ | ४.६ | फर्सी | ८ | ३६ | ४.५ |
| काउली | ८.५ | १०६.२ | १२.६ | लौका | ११.२ | १३४.४ | १२.२ |
| बन्दा | ३.६ | ३६ | १० | चिचिण्डो | ४.५ | ३८.७ | ८.६ |
| प्याज | १.८ | ९ | ५ | घिरौला | २ | २३ | ११.५ |

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| अदुवा | ४.४ | ५७.२ | १३ | करेला | २.५ | २० | ८ |
| वेसार | ६.८ | ३७.७ | ५.५ | स्कुस | १ | १३ | १३ |
| लसुन | २.६ | ५.९ | २.३ | सिमि | ३ | ७.५ | २.५ |
| बर्षे र हिउँदे आलु | ३२ | ३५८.४ | ११.२ | भण्टा | २.८ | २३.८ | ८.६ |

वडा नं. ७ र ८ मा अदुवा, काउली, लौका, बन्दा, घिरौला, आलु, काको, चिचिण्डो, मूला, भण्टाको उत्पादकत्व ८.६ देखि १३ प्रति हेक्टर रहेको छ।

**३.६.३. हैवुङ** (हाल **मेलम्ची** ३)

यस वडालाई साँखु भोटेचौर सडकले छोएको छ। भोटेचौरदेखि हैंबुङ सडक निर्माणको क्रममा रहेको छ। यस वडाको कुल क्षेत्रफल १४५२ हेक्टर मध्ये ९२६ हेक्टर खेतीयोग्य जमिन रहेको तथ्यांक छ। समुद्र सतहदेखि ११५० देखि २३७८ मी उचाई रहेको यस वडालाई खाद्यान्न पकेट क्षेत्रको रुपमा लिइएको छ। सडक यतायातको हिसावले यो वडामा पनि सहज पहुँच हुने देखिन्छ साथै राजधानीबाट पनि नजिक रहेको छ। सिंचाईको सुविधा मध्यम रहेको, २ कृषक समुह र १ कृषि सहकारी रहेको छ।

**तालिका नं.: १०. तरकारीको प्रकार अनुसार वडा ३ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ८ | ५६ | ७ | गोलभेंडा | ३.८ | २२.८ | ६ |
| रायो | ११.४ | २.४९ | २८.४ | काको | ४.६ | ५१.५ | ११.२ |
| गाँजर | | | | फर्सी | २.८ | २.८ | ६ |
| काउली | ९.६ | ११७.१ | १२.२ | लौका | २.६ | २७.३ | १०.५ |
| बन्दा | ४ | ३८ | ९.९५ | चिचिण्डो | १.४ | १०.६ | ७.६ |
| प्याज | २ | १०.४ | ५.२ | घिरौला | २ | ८ | ४ |
| अदुवा | १.८ | १५.४ | ८.६ | करेला | २.६ | १८.२ | ७ |
| वेसार | ४.५ | २७ | ६.२ | स्कुस | २ | ६ | ३ |
| लसुन | ३ | ६ | २ | सिमि | ६.४ | १६ | २.५ |
| बर्षे र हिउँदे आलु | २६ | २६० | १० | भण्टा | २.१ | १७.८ | ८.५ |

यस वडाको तरकारी उत्पादनको उत्पादकत्व हेर्दा रायो, काउली, काको, लौका, आलु, बन्दा, अदुवा, भण्टा, चिचिण्डो, मूलाको बढी रहेको देखिन्छ।

**३.६.४.ज्यामिरे** (हाल **मेलम्ची** ९)

मेलम्ची ज्यामिरे सडकले यसलाई हेलम्बु राजमार्गसँग जोडेको छ। यस वडाको कुल १९५६ हेक्टर क्षेत्रफल मध्ये १४३४ खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ८५४ देखि २४८३ मि.सम्मको उचाईमा रहेको यस वडामा वर्षे आलु र ताजा तरकारी पनि प्रमुख बालीको रुपमा रहेको देखिन्छ। यस वडालाई पनि खाद्यान्नको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको सुविधा मध्यम रहेको, २ कृषक समुह र १ कृषि सहकारी रहेको छ।

**तालिका नं.: ११. तरकारीको प्रकार अनुसार वडा ९ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ८.४ | ५४.६ | ६.५ | गोलभेंडा | ४.५ | ३७.३ | ८.३ |
| रायो | ६ | १३.८ | २.३ | काक्रो | १६ | १७६ | ११ |
| गाँजर | | | | फर्सी | ७.६ | ३०.४ | ४ |
| काउली | ८.२ | १०८.२ | १३.२ | लौका | १०.२ | १२४.४ | १२.२ |
| बन्दा | ३ | ३१.८ | १०.६ | चिचिण्डो | १.८ | १२.९ | ७.२ |
| प्याज | १.६ | ६.४ | ४ | घिरौला | ४ | २१.२ | ५.३ |
| अदुवा | ३.२ | २०.८ | ६.५ | करेला | ९.२ | ५५.२ | ६ |
| वेसार | ४.५ | २३.८ | ५.३ | स्कुस | १.८ | १२.९ | ७.२ |
| लसुन | १.५ | ३.७ | २.५ | सिमि | २ | ५.२ | २.६ |
| बर्षे र हिउँदे आलु | ५२ | ५८२.४ | ११.२ | भण्टा | २.३ | १९.५ | ८.५ |

वडा नं. ९ मा काउली, लौका, आलु बन्दा, भण्टा, गोलभेंडा, चिचिण्डो, स्कुस, मूला, अदुवाको उत्पादकत्व बढी रहेको देखिन्छ।

### ३.६.५. मेलम्ची (हाल मेलम्ची ११)

मेलम्ची ११ नगरपालिकाको मुख्य केन्द्र रहेको वडा हो यसलाई हेलम्बु राजमार्गले राजधानीसँग जोडेको छ। यस वडाको कुल १०३४ हेक्टर क्षेत्रफल मध्ये ७८४ खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ७८५ देखि १७९४ मि.सम्मको उचाईमा रहेको यस वडामा ताजा तरकारी पनि प्रमुख बालीको रुपमा रहेको देखिन्छ। यस वडालाई पनि खाद्यान्न, तरकारी र आलुको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको सुविधा मध्यम रहेको, २ कृषि सहकारी रहेको छ।

**तालिका नं.: १२. तरकारीको प्रकार अनुसार वडा ११ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | १६ | १०८.८ | ६.८ | गोलभेंडा | १२ | १०४.७ | ४ |
| रायो | १५ | ६६ | ४.४ | काक्रो | ८ | ७२ | ९ |
| गाँजर | २.५ | ७.५ | ३ | फर्सी | ६ | ३० | ५ |
| काउली | २२ | २८१.६ | १२.८ | लौका | ४.८ | ४८ | १० |
| बन्दा | १४ | १५६.८ | ११.२ | चिचिण्डो | २.१ | ९.४ | ४ |
| प्याज | ४ | १८ | ४.५ | घिरौला | ३ | ९.९ | ३.३ |
| अदुवा | ८.२ | ६९.४ | ७.२ | करेला | १०.५ | ६९.३ | ६.६ |
| वेसार | ११ | ९३.६ | ८.५ | स्कुस | २ | १२ | ६ |
| लसुन | २.८ | ५.६ | २ | सिमि | ६ | १८ | ३ |
| बर्षे र हिउँदे आलु | ८५ | ११९० | १४ | भण्टा | २ | १४ | ७ |

आलु, काउली, बन्दा, लौका, काक्रो, बेसार, अदुवा, भण्टा, मूला, करेलाको उत्पादकत्व अन्त तरकारी भन्दा वढी रहेको छ।

### ३.६.६. फटकशिला (हाल मेलम्ची १३)

यस वडालाई हेलम्बु राजमार्ग र साँखु फटकशिला सडकले राजधानीसँग जोडेको छ। यस वडाको कुल ११६८ हेक्टर क्षेत्रफल मध्ये ८३० खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ७१३ देखि १३४६ मि.सम्मको उचाईमा रहेको यस वडामा ताजा तरकारी, आलुलाई पनि प्रमुख बालीको रुपमा लिईएको देखिन्छ। यस वडालाई पनि खाद्यान्न, तरकारी र आलुको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको  सुविधा मध्यम रहेको, २ कृषि सहकारी रहेको छ।

**तालिका नं.: १३. तरकारीको प्रकार अनुसार वडा १३ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ५ | २६ | ५.२ | गोलभेंडा | ६.२ | ६५.१ | १०.५ |
| रायो | ८ | १७.६ | २.२ | काको | ११ | १४३ | १३ |
| गाँजर | | | | फर्सी | २ | १० | ५ |
| काउली | ११ | १३७.५ | १२.६ | लौका | ४ | ३२ | ८ |
| बन्दा | २.६ | २३ | ९ | चिचिण्डो | १.५ | ६.१५ | ४.१ |
| प्याज | २1.१ | ९.४ | ४.५ | घिरौला | २ | १० | ५ |
| अदुवा | २ | ११ | ५.५ | करेला | ४ | ४८ | १२ |
| वेसार | ६.१ | २७.४ | ४.५ | स्कुस | १.६ | १३.१ | ८.२ |
| लसुन | ३.२ | ६.४ | २ | सिमि | २ | ४ | २ |
| बर्षे र हिउँदे आलु | ११२ | १५६८ | १४ | भण्टा | ३.१ | २०.१ | ६.५ |

आलु, काको, काउली, करेला, गोलभेंडा, बन्दा, स्कुस, लौका, भण्टा, अदुवाको उत्पादकत्व बढी रहेको देखिन्छ।

### ३.६.७. शिखरपुर (हाल मेलम्ची १०)

यस वडालाई मेलम्ची शिखरपुर चौतारा सडकले जोडेको छ। यस वडाको कुल ९८३हेक्टर क्षेत्रफल मध्ये ५९५ खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ७१८ देखि १६०९ मि.सम्मको उचाईमा रहेको यस वडामा ताजा तरकारीलाई पनि प्रमुख बालीको रुपमा लिईएको देखिन्छ। यस वडालाई पनि तरकारीको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको  सुविधा न्यून रहेको देखिन्छ।

**तालिका नं.: १४. तरकारीको प्रकार अनुसार वडा १०को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ४ | २२.४. | ५.६ | गोलभेंडा | ७.२ | ७५.६ | १०.५ |
| रायो | ६ | १८ | ३ | काको | ६ | ६६ | ११ |
| गाँजर | | | | फर्सी | १.५ | ६ | ४ |
| काउली | ८ | १०० | १२.५ | लौका | २.१ | १६.८ | ८ |
| बन्दा | ३ | ३३ | ११ | चिचिण्डो | १ | ४ | ४ |
| प्याज | २.१ | ४.६ | २.२ | घिरौला | ३ | २८.३ | ८.६ |
| अदुवा | २.२ | १५.८ | ७.२ | करेला | ४.१ | ३३.६ | ८.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वेसार | ४.५ | २७.४ | ६.१ | स्कुस | .८ | ४.८ | ६ |
| लसुन | १.८ | २.६ | २ | सिमि | २ | ५.२ | २.६ |
| बर्षे र हिउँदे आलु | ४० | ४४८ | ११.२ | भण्टा | २.१ | १२.८ | ६.१ |

तरकारीको पकेट क्षेत्रको घोषणा गरी कार्यक्रम संचालन भई रहेको यस वडाको उत्पादकत्व भने अन्य वडा भन्दा कम देखिन्छ। काउली, आलु, काक्रो, बन्दा, गोलभेंडा, घिरौला, करेला, लौका, अदुवा, भण्टाको उत्पादकत्व अन्य तरकारी भन्दा बढी छ।

### ३.६.८. सिन्धुकोट(हाल मेलम्ची ५)

यस वडालाई काठमाण्डौं बाहुनेपाटी सडकले जोडेको छ। यस वडाको कुल १२०१हेक्टर क्षेत्रफल मध्ये ७६० खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ९७६ देखि २०३० मि.सम्मको उचाईमा रहेको यस वडामा ताजा तरकारीलाई पनि प्रमुख बालीको रुपमा लिईएको देखिन्छ। यस वडालाई सुन्तला जातका फलफूलको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको सुविधाको समस्या रहेको देखिन्छ।

**तालिका नं.: १५. तरकारीको प्रकार अनुसार वडा ५ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ५.२ | २३.४ | ४.५ | गोलभेंडा | २.२ | १८.७ | ८.५ |
| रायो | ४ | १० | २.५ | काक्रो | ६.५ | ३९ | ६ |
| गाँजर | | | | फर्सी | २.८ | १४ | ५ |
| काउली | ७.६ | ८५.१ | ११.२ | लौका | २.६ | १३ | ५ |
| बन्दा | ३.२ | २६.५ | ८.३ | चिचिण्डो | | | |
| प्याज | १.८ | २.७ | २.१ | घिरौला | २ | ५ | २.५ |
| अदुवा | ३.१ | २१.७ | ७ | करेला | २.५ | २७.५ | ११ |
| वेसार | ६.२ | ४०.३ | ६.५ | स्कुस | १ | ६.५ | ६.५ |
| लसुन | २.६ | ४.६ | १.८ | सिमि | ४ | ६.८ | १.७ |
| बर्षे र हिउँदे आलु | १२.५ | १२० | ९.६ | भण्टा | १.५ | १५ | १० |

उत्पादकत्वको हिसावले हेर्दा काउली, करेला, भण्टा, आलु, गालभेंडा, बन्दा, काक्रो, स्कुस, बेसार, लौका, फर्सी आदिको उत्पादकत्व उच्च रहेको देखिन्छ।

### ३.६.९. तालामाराङ (हाल मेलम्ची ६)

तालामाराङ हेलम्वु राजमार्गसँग जोडिएको छ। यस वडाको कुल १२७० हेक्टर क्षेत्रफल मध्ये ७५६ हेक्टर खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ८८१ देखि १०४२ मि.सम्मको उचाईमा रहेको यस वडामा आलु र खाद्यान्नलाई पनि प्रमुख बालीको रुपमा लिईएको देखिन्छ। यस वडालाई आलुको पकेट क्षेत्रको रुपमा लिइएको छ। सिंचाईको सुविधाको समस्या पनि रहेको देखिन्छ।

**तालिका नं.: १६. तरकारीको प्रकार अनुसार वडा ६ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ८ | ५२ | ६.५ | गोलभेंडा | ४.६ | ३९.५ | ८.६ |
| रायो | १३.५ | ३३.७ | २.५ | काक्रो | १२.१ | १५९.५ | १३.२ |

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| गाँजर | १.८ | ७.५ | ४.२ | फर्सी | ४ | २५.६ | ६.४ |
| काउली | १३.१ | १५९.१ | १२.२ | लौका | ६.८ | ६९.३ | १०.२ |
| बन्दा | ७.२ | ५९.७ | ८.३ | चिचिण्डो | १.६ | ९.९ | ६.१ |
| प्याज | ३.१ | ६.५ | २.१ | घिरौला | ३.२ | २७.५ | ८.६ |
| अदुवा | ४.८ | ३४.५ | ७.२ | करेला | ६ | ५५.२ | ९.२ |
| वेसार | ११.५ | ७४.७ | ६.५ | स्कुस | १.८ | २२.३ | १२.४ |
| लसुन | ६.५ | २ | १.८ | सिमि | ४.६ | ५.५ | १.२ |
| बर्षे र हिउँदे आलु | ६५ | ८७७.५ | १३.५ | भण्टा | ४.८ | ३९.३ | ८.२ |

तालामाराङ हेलम्बु सडक खण्ड र मेलम्ची बजारसँग जोडिएको वडा भएकोले यहाँको उत्पादनले बजार सहजै पाईरहेको छ । यस वडामा काक्रो, आलु, काउली, स्कुस, करेला, लौका, बन्दा, घिरौला, भण्टा, गोलभेंडाको उच्च उत्पादकत्व रहेको छ ।

### ३.६.१०. थकनी (हाल मेलम्ची ४)

मेलम्ची नगरपालिकाको वडा ४ स्थित थकनीले साँखु बाहुनेपाटी अन्तरगतको सडकमा जोडिएको छ । यस वडाको अन्यभागमा आवतजावत गर्नको लागि ज्यादै न्यून स्तरका सडकहरु रहेका छन् । यस वडाको कुल १९१२ हेक्टर क्षेत्रफल मध्ये १०६४ हेक्टर खेती योग्य जमिन रहेको छ । समुद्र सतहदेखि ११२४ देखि २४५६ मि.सम्मको उचाईमा रहेको यस वडामा ताजा तरकारी उत्पादनको संभावना रहेको छ । सिंचाई सुविधा सामान्य रहेको यस वडालाई कुनै पनि उत्पादनको पकेट क्षेत्रको रुपमा घोषणा गरिएको छैन् ।

**तालिका नं.: १७. तरकारीको प्रकार अनुसार वडा ४ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | १० | ७८ | ७.८ | गोलभेंडा | ३.२ | २७.५ | ८.६ |
| रायो | १३.१ | १८.२ | १.४ | काक्रो | ८.८ | ११६.२ | १३.२ |
| गाँजर | १.८ | ५.७ | ३.२ | फर्सी | २.६ | १६.६ | ६.४ |
| काउली | ११ | १२३.२ | ११.२ | लौका | ३.१ | ३१.६ | १०.२ |
| बन्दा | ७ | ५८.१ | ८.३ | चिचिण्डो | २.१ | १३.२ | ६.२ |
| प्याज | २.८ | ५.६ | २ | घिरौला | ३.३ | २८.३ | ८.६ |
| अदुवा | १४.२ | ११६.४ | ८.२ | करेला | २.५ | २३ | ९.२ |
| वेसार | १६.८ | १२६ | ७.५ | स्कुस | ३.१ | ३५.६ | ११.८ |
| लसुन | ६.६ | १०.५ | १.६ | सिमि | ६.२ | ७४.४ | १२.२ |
| बर्षे र हिउँदे आलु | ३४ | ३८०.८ | ११.२ | भण्टा | २.२ | १५.८ | ७.२ |

काक्रो, सिमि, स्कुस, काउली, आलु, लौका, करेला, गोलभेंडा, बन्दा, अदुवा आदीको उच्च उत्पादकत्व रहेको छ । यस वडामा उल्लेखित तरकारीहरुको खेतीलाई प्राथमिकता दिनु राम्रो देखिन्छ ।

### ३.६.११. बाँसवारी (हाल मेलम्ची १२)

यो वडा हेलम्बु राजमार्ग र साँखु बाहुनेपाटी दुबै सडको पहुँचमा रहेको छ। यस वडाको कुल १४८६ हेक्टर क्षेत्रफल मध्ये ९१३ हेक्टर खेती योग्य जमिन रहेको छ। समुद्र सतहदेखि ७५२ देखि १७०९ मि.सम्मको उचाईमा रहेको यस वडामा तरकारी, आलुलाई पनि प्रमुख बाली तथा पकेट क्षेत्रको रुपमा लिईएको देखिन्छ।

**तालिका नं.: १८. तरकारीको प्रकार अनुसार वडा १२ को उत्पादन विवरण**

| हिउँदे तरकारी | | | | बर्षे तरकारी | | | |
|---|---|---|---|---|---|---|---|
| तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. | तरकारीको नाम | क्षेत्रफल हे. | उत्पादन टन | उत्पादकत्व टन प्रति हे. |
| मूला | ११.८ | १२५.२ | १०.६ | गोलभेंडा | ६.५ | ६८.५ | १०.५ |
| रायो | १३ | ६७.६ | ५.२ | काको | १६ | २९६ | १८.५ |
| गाँजर | १.६ | १०.४ | ६.५ | फर्सी | ६.५ | ९१ | १४ |
| काउली | १४.६ | २१९ | १५ | लौका | १२.४ | २०० | १६.५ |
| बन्दा | ८.५ | ११५.६ | १३.६ | चिचिण्डो | ६.२ | ७७.५ | १२.५ |
| प्याज | १२.२ | ३१.८ | ६.५ | घिरौला | २ | ११ | ५.५ |
| अदुवा | २.८ | ३८.६ | १३.८ | करेला | १२.५ | ८१.५ | ६.५ |
| वेसार | ७.४ | ८८.८ | १२ | स्कुस | १.५ | ९.७५ | ६.५ |
| लसुन | ४.२ | १०.९ | २.६ | सिमि | ७.८ | १२.८ | १.६ |
| बर्षे र हिउँदे आलु | ८० | १०८० | १३.५ | भण्टा | ३.२ | ३६.८ | ११.५ |

वडाको उत्पादन स्थितिलाई हेर्दा काको, लौका, काउली, आलु, फर्सी, अदुवा, बन्दा, मूला, गोलभेंडा, चिचिण्डो क्रमशः उत्पादकत्व उच्च भएका तरकारीहरु पर्दछन्।

## ३.७. खेतीयोग्य जमिन तथा सिंचाईको अवस्था

मेलम्ची नगरपालिकाको कूल क्षेत्रफलको ६२% खेती योग्य जमिन रहेको छ (स्रोतः जिल्ला पार्श्वचित्र, सिन्धुपाल्चोक, २०७१) रहेको छ। यो सन्दर्भमा मेलम्ची कृषिको क्षेत्रमा अगाडी रहेको देखिन्छ र यस क्षेत्रको थप आर्थिक विकासको लागि कृषि विकासमा बढी ध्यान दिनु पर्ने देखिन्छ। खेतीयोग्य जमिन र वास्तवमा खेती गरिएको क्षेत्रफलको तथ्यांक विश्लेषण गर्दा नगरपालिकाको कूल क्षेत्रफलको ४२% जमिनमा मात्र हाल खेती गरिएको छ भने नगरपालिकाको २०% खेती योग्य जमिन बाँझो नै रहेका अवस्था छ। यो समस्यालाई न्यूनीकरण गर्न, खेतीयोग्य जमिनको अधिकतम लाभ लिन युवा लक्षित तरकारी खेती योजना ल्याउनु पर्दछ। मेलम्ची नगरपालिकाको कूल भू-भागको १८% र कूल खेती गरिएको जमिनको जम्मा ४३% मात्र जमिन सिंचित छ। यसरी खेती गरिएको जमिनको पनि ५७% जमिन सिंचाइबाट वञ्चित रहेको जस्तो गम्भीर विषयलाई सम्बोधन गर्न सके तरकारी खेतीको संभावनालाई अझ बढाउँछ।

**तालिका १९ : खेतीयोग्य जमिन तथा सिंचाईको अवस्थाबारे विवरण**

| क्र.स. | स्थान | वडा नं. | कूल क्षेत्रफल(हे.) | खेती योग्य जमिन (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | खेती योग्य जमिन बाँझो रहेको (हे.) | सिंचित क्षेत्रफल (हे.) | असिंचित क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | भोटेचौर | १, २ | १४७२ | १२६५ (८६%) | ८६७(५९%) | ३९८(२७%) | ३८५(२६%) | ४८१(३३%) |
| २ | हैबुङ | ३ | ११४० | ८२०(७२%) | ४१६(३६%) | ४०४(३६%) | १७२(१५%) | २४४(२१%) |
| ३ | थकनी | ४ | १९४१ | ८४६ (४४%) | ५४९(२८%) | २९७(१५%) | ८५ (४%) | ४६४ (२४%) |

| तालिका १९ : खेतीयोग्य जमिन तथा सिंचाईको अवस्थाबारे विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | स्थान | वडा नं. | कूल क्षेत्रफल( हे.) | खेती योग्य जमिन (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | खेती योग्य जमिन बाँझो रहेको (हे.) | सिंचित क्षेत्रफल (हे.) | असिंचित क्षेत्रफल (हे.) |
| ४ | सिन्धुकोट | ५ | ११७६ | ७३३(६२%) | २१७(१८%) | ५१६(४४%) | १७४( १५%) | ४२(४%) |
| ५ | तालामाराङ | ६ | ८०१ | ६१९(७७%) | ४६७(५८%) | १५२(१९%) | १६१( २०%) | ३०६(३८%) |
| ६ | दुवाचौर | ७, ८ | १९५७ | १२५२( ६४%) | ९३२(४८%) | ३२०(१६%) | ५६३( २९%) | ३६८(१९%) |
| ७ | ज्यामिरे | ९ | २०३९ | ११४५( ५६%) | ९६१(४७%) | १८४(९%) | ३६२( १८%) | ५९९(२९%) |
| ८ | शिखरपुर | १० | ६८६ | ४०२( ५९%) | २९३(४३%) | २८४(१६%) | १२४( १८%) | १६९(२५%) |
| ९ | मेलम्ची | ११ | १०५८ | ६२४(५९%) | ५४४(५१%) | ८०(८%) | २५६( २४%) | २८८(२७%) |
| १० | बाँसबारी | १२ | १४०९ | ९५१(६७%) | ५६०(४०%) | ३९१(२८%) | २२५( १६%) | ३३६(२४%) |
| ११ | फटकशिला | १३ | १०७२ | ५३७(५०%) | ३८७(३६%) | १५०(१४%) | १४१( १३%) | २४६(२३%) |
| **जम्मा** | | | | **१४७५१( ६२%)** | **६१९३(४२%)** | **३००२(२०%)** | **२६४८( १८%)** | **३५४३( २४%)** |

स्रोत :जिल्ला वस्तुगत विवरण, सिन्धुपाल्चोक, २०७१ (कूल क्षेत्रफल र खेतीयोग्य क्षेत्रफल विवरण) तथा जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक, आ. व. २०७०/७१ को वार्षिक प्रतिवेदन (खेती गरिएको तथा सिंचित क्षेत्रफल विवरण)

### ३.८. उत्पादन हुने प्रमुख बालीहरुमा लाग्ने रोग तथा किराको विवरण

बालीमा लाग्ने रोगहरुले बाली विकास तथा उत्पादनमा चुनौती दिई रहेको हुन्छ । यस्ता रोगहरुले विरुवाको पानी तथा पोषक तत्व, प्रकाश संशलेषण, फूल तथा फूलको विकास तथा विरुवाको विकासमा नकरात्मक असर गरी खाद्यान्नको गुण तथा मात्रा दुबैमा कमी निम्त्याउने गर्दछ । यसको रोकथाम गर्न खाद्य विविधिकरण लगायत प्रभावकारी संयन्त्र रोग प्रवर्धन रणनीतिहरु तयार गर्नु पर्ने देखिन्छ । तरकारी खेतीमा लाग्ने मुख्य रोगहरुको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| तालिका २० : उत्पादन हुने प्रमुख बालीहरुमा लाग्ने रोग तथा किराको विवरण | | | |
|---|---|---|---|
| क्र.स. | बाली | मुख्य रोग तथा किराको विवरण | प्रमुख किराको नाम |
| १. | तरकारी | वेर्ना कुहिने, थोप्ले रोग, खराने रोग, फल कुहिने, ओइलाउने, मोजाइक भाइरस | रातो कमिला, हरियो पतेरो, धमिरा, लाही, फेदकट्वा, इटबुट्टे, पुतली |
| २. | फलफूल | फेद कुहिने, जरा कुहिने, खराने, सुटी मोल्ड | कल्ते किरा, पात खन्ने किरा, पतेरो, मधुवा, गवारो, फल कुहाउने औंसी, लाही |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक, २०७०/७१

### ३.९. रासायनिक मल तथा किट नासक विषादीको प्रयोग

मेलम्ची नगरपालिकामा जम्मा ३२ ईजाजत प्राप्त रासायनिक मल बिक्रेता रहेका छन् । वडा नं. ३, ४ र ९ मा भने कुनै मल बिक्रेता नभएको देखियो । वडा नं. १ र २ मा ५ वटा, ५ मा ३ वटा, ६ मा १ वटा, ७ र ८ मा ३ वटा, १० मा ६ वटा, ११ मा ६ वटा, १२ मा ७ वटा र १३ मा १ वटा मल विक्रेता देखिन्छन् । त्यसैगरी किट नासक विषादीको

पनि निकै प्रयोग भएको देखिन्छ । रासायनिक मल र किट नासक विषादीको उपयोगले अर्गानिक उत्पादनलाई भने चुनौती दिइरहेको देखिन्छ । मेलम्ची नगरपालिका अन्तर्गत वडा नं. १, २, ११र १२ मा जम्मा पाँच वटा किट नाशक विषादी खुद्रा विक्रेताहरु रहेका छन् । जस मध्ये २ वटा भोटेचौरमा, २ वटा मेलम्चीमा रहेका देखिन्छन् ।

## ३.१०. आई.पि.एम. कृषक पाठशाला

मेलम्ची नगरपालिकामा धान, काक्रा, मकै, गोलभेडा, चैतै धान जस्ता बालीहरुमा आई. पि. एम. कृषक पाठशाला संचालन भैरहेका छन् । आई.पि.एम. (Integrated Pest Management) विधिले मानिस तथा पर्यावरणमा न्यून क्षति गरि बालीमा लाग्ने किराहरुलाई नियन्त्रण गर्दछ । जम्मा ५ वडाहरु (वडा नं. ३, ७, ९, ११ र १२) मा १४ वटा पाठशाला संचालन भई ३५० जना सहभागीहरुलेआई.पि.एम.सम्बन्धी प्रशिक्षण पाएका छन् । बढ्दो विषादी प्रयोगलाई घटाउँदै लैजानको लागि कृषक पाठशालाले भूमिका खेल्नु पर्ने देखिन्छ ।(स्रोतः जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक, आ.व. ७३।७४ को वार्षिक प्रतिवेदन) ।

## ३.११. कृषक समूहहरुको विवरण

मेलम्ची नगरपालिकाका६५ कृषक समूहले मुख्यतय तरकारी, फलफूल, खाद्यान्न, च्याउ खेती तथा अलैंची उत्पादनका क्षेत्रहरुमा लागेको देखिन्छ । यीनै कृषक समुहरुलाई परिचालन गरेर तरकारी खेतीको विकास, विस्तार गर्न सकिने देखिन्छ ।

## ३.१२. साना ब्यवसायीक कृषि उत्पादन केन्द्र(पकेट)

प्रधानमन्त्रि कृषि आधुनिकिरण परीयोजना अर्न्तगत यस नगरपालिका अर्न्तगत १ ओटा धान ब्लक, ३ ओटा पुरानो पकेट र १ ओटा नयाँ पकेट रहेका छन् । जसमध्ये किवि पकेट मे.न.पा १ भोटैचौर,तरकारी पकेट मे.न.पा १० शिखरपुर , अलैची पकेट मे.न.पा ९ ज्यामिरे र नयाँ कागती पकेट मे.न.पा ११ मेलम्चीमा रहेको छ । नयाँ साना साना ब्लक तथा पकेट क्षेत्रहरुको पहिचान गरि अन्य वडाहरुमा पनि तरकारी खेतीको विकास गर्न सकिन्छ ।

### ३.१२.१. तरकारी पकेट शिखरपुर मे.न.पा. १०

तरकारी पकेट सञ्चालक समिति मार्फत कृषक समुहमा ५० प्रतिशत अनुदानमा ५ थान मिनिटिलर, ५० प्रतिशत अनुदानमा तरकारीहरु जस्तै काउली, बन्दा, गोल्भेडा र सिमिको बिउहरु, सुक्ष्म खाध्य तत्व र ३० मे.टन कृषि चुन, ५० प्रतिशत अनुदानमा स्प्रेयर ३२ थान, ८५ प्रतिशत अनुदान पानी तान्ने पम्प र २०० मिटर एच.डि.पि पाइप २ थान वितरण गरी हाल २८० रोपनी क्षेत्रफलमा मौसमी तरकारी खेती गरिदै आएको देखिन्छ । यसबाट २ कृषक समूह र ९० घरधुरी प्रत्यक्ष लाभान्वित हुन्छन् भने प्रति परिवार सरदर ५० हजार तरकारीबाट आम्दानी हुने गरेको छ ।

### ३.१२.२. किवि पकेट मे.न.पा.–१, ३, भोटेचौर र हैंबुङ

भोटेचौर र हैंबुङमा किवि पकेट अर्न्तगत ३०० रोपनीमा किवि खेती गरिएको छ ।गतबर्ष २१०० किलो किवि उत्पादन भएको थियो भने यस बर्ष करिब ५,००० किलो उत्पादन हुने अनुमान गरीएको छ ।

### ३.१२.३. अलैची पकेट मे.न.पा. –९, ज्यामिरे

अलैची पकेट सञ्चालक समिति शिखरपुर मे.न.पा ९ ज्यामीरेले ५० प्रतिशत अनुदानमा अलैची टिप्ने छुरी ४०० थान, ५० प्रतिशत अनुदान अलैचीको बिरुवा ११५,००० गोटा वितरण गरी, ३८० रोपनीमा अलैंची खेती भैरहेको छ जसबाट १५० घरधुरी प्रत्यक्ष लाभान्वित छन् ।

### ३.१२.४. कागती पकेट मे.न.पा. –११, मेलम्ची

कागती पकेटको रुपमा मेलम्ची ११ लाई लिइएको छ जसमा बिरुवा रोपण कार्यलाई बिशेष प्राथमिकता दिई ५० प्रतिशत अनुदानमा कागतीको बेर्ना, प्रविधि प्रर्दशन अर्न्तगत विरुवा रोप्न खाडल खन्ने २ थान मेशिन खरिद गरी खाडल खनि, हाल ४०० रोपनीमा कागती खेती भैरहेको छ जसबाट २५० घरधुरी प्रत्यक्ष लाभान्वित छन् ।

## ३.१३. संकलन केन्द्रको विवरण

मेलम्ची नगरपालिकाको भोटेचौरको तरकारी संकलन केन्द्रले ४० मेट्रिक टन लहरे तरकारी, आलु, काउली, बन्दा, मुला स्थानीय बजार तथा काठमाडौंमा विक्रि गर्दछ । यस संकलन केन्द्रको मुख्य कमान्ड क्षेत्र भने भोटेचौर तथा हैबुङ

मात्र रहेको छ। यो नगरपालिकाले तरकारी खेतीको प्रचुर सम्भावना बोकेकोले कृषकहरुलाई आफ्नो उत्पादन सहज रुपमा विक्रि तथा वितरणको लागि अन्य बाँकी वडाहरुमा पनि संकलन केन्द्रहरु सुविधा उपलब्ध हुनु पर्ने देखिन्छ।

## ३.१४. व्यवसायिक तरकारी उत्पादनको संभाव्यता

नगरपालिकातरकारी खेती, फलफुल खेती, किवी खेती, अलैंची खेती, चिया खेती, कफी खेतीको प्रचुर सम्भावना छ। यस नगरपालिकाको आर्थिक उन्नतीको लागि यस्ता नगदे बालीहरुको खेतीमा प्रोत्साहन गर्न आवश्यक छ। यहाँका अधिकांश जनसंख्याको प्रमुख पेशा कृषि भएता पनि ठूलो मात्रामा व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न सकिएको छैन। माटो प्रशिक्षण गरेर कृषि पकेट क्षेत्रहरुको पहिचान गर्न आवश्यक छ। पकेट क्षेत्रहरु घोषणा गरेपछि स्थानीयहरुमा खेती गर्ने जाँगर आउँछ भने लगानीकर्ताहरु पनि आकर्षित हुन्छन्। यसरी एकीकृत खेती गर्यो भने ठूलो मात्रामा उत्पादन हुन्छ र बजारीकरणको समस्या पनि हुँदैन। उत्पादन भएको बस्तुहरुलाई भण्डारण गर्न चिस्यान केन्द्र स्थापना गर्नपर्छ। व्यवसायिक कृषिले गति लिएसंगै कृषि उत्पादनलाई प्रशोधन गरेर अरु उत्पादनहरु पनि गर्न सकिन्छ जस्तै आलु चिप्स, किवीको वाइन, खुर्पानीको जाम, अचार, टमाटरको आदि।

**तालिका नं.: २१. व्यवसायिक तरकारी, मसला, फलफूल उत्पादनको वडागत संभाव्यता**

| वडा नं | व्यवसायिक तरकारी खेती गर्न सकिने क्षेत्रहरु |
|---|---|
| १ | तरकारी खेती, किवी खेती, अलैंची खेती, चिया खेती, कफी खेती, केरा खेती |
| २ | चिया खेती, किवी खेती, अलैंची |
| ३ | किवी खेती, चिया खेती, अलैंची खेती |
| ४ | चिया खेती, तरकारी खेती, फलफुल खेती (स्याउ, अनार, कागती, जुनार र सुन्तला), अलैंची खेती, कफी खेती |
| ५ | चिया खेती, कफी खेती |
| ६ | चिया तथा कफी खेती, फलफुल खेती (सुन्तला), मौरीपालन, डेरी, अलैंची खेती, धान खेती |
| ७ | पशुपालन, तरकारी तथा फलफुल खेती, चिया तथा कफी खेती, अलैंची खेती, |
| ८ | तरकारी खेती, चिया, कफी, अलैंची खेती, आलु खेती |
| ९ | चिया खेती, किवी खेती, अलैंची खेती |
| १० | तरकारी खेती, कफी खेती, अलैंची खेती, फलफुल (सुन्तला, कागती, केरा) खेती, पशुपालन |
| ११ | कृषि, चिया खेती |
| १२ | तरकारी खेती, कफी खेती, |
| १३ | फलफुल खेती (अनार, आँप, केरा, लिच्ची), कफि खेती, तरकारी खेती |

स्रोत : वडाभेला, २०७५

# भाग : ४
# व्यवसायिक तरकारी खेती र समस्या

## ४.१. कृषि

मेलम्ची नगरपालिकामा बसोबास गर्ने अधिकांश जनसंख्याको प्रमुख पेशा कृषि हो तर कृषि पेशालाई व्यवसायिक रुपमा अगाडि बढाउन सकिएको छैन । कृषकहरुमा सचेतानाको कमी र कृषि प्राविधिक नभएकोले आवश्यक तालिम तथा प्रविधि सम्बन्धि ज्ञान दिन नसकेको अवस्था छ । कृषि तालिम वा प्रशिक्षण केन्द्र स्थापना गर्ने र व्यवहारिक ज्ञानको लागि उत्पादन सहितको नमुना शिक्षालय बनाउन नसकिएको छ । उच्च शिक्षाको लागि व्यवसायिक कृषिको शिक्षा प्रदान गर्न प्राविधिक विद्यालय स्थापना भएको छैन् ।

यहाँका कृषकहरु निर्वाहमुखी खेती प्रणालीमा निर्भर भएकोले कृषिबाट आम्दानी गर्न सकिएको छैन । व्यवसायिक कृषि सुरु गर्न उन्नत मल, विउविजन र आधुनिक कृषि औजारको अनुसन्धान र प्रयोगका साथै खण्डिकृत खेती प्रणालीलाई छाडेर सामुहिक अथवा एकीकृत खेती गर्न आवश्यक छ । बजार व्यवस्थापन नभएकोले उत्पादकले उचित मूल्य नपाउने र आर्थिक लगानी गर्न नसक्ने यस क्षेत्रको प्रमुख समस्या हो ।

कृषिबाट आम्दानी गर्न नगदे बालीको खेतीलाई प्रोत्साहन गर्नुपर्छ । कृषि उपजको संकलन केन्द्र, चिस्यान केन्द्र र बजारीकरणको लागि प्रशोधन केन्द्र तथा कृषि बजार व्यवस्थापन गर्न आवश्यक छ । माटो परिक्षण गरेर त्यहाँको हावापानीलाई सुहाउँदो बालीनालीलाई प्रोत्साहन गर्दै कृषि पकेट क्षेत्र घोषणा गरेमा कृषिलाई छिटो व्यवसायीकरण गर्न मद्दत पुग्छ । यसैगरी, बाली बिमाको व्यवस्था प्रभावकारी नभएर कृषकहरुले ठूलो मात्रामा खेती गर्न सुरक्षित महसुस गरिरहेका छैनन् । यसका साथै वन्यजन्तुहरु जस्तै बाँदर, बँदेल, दुम्सी, मृग आदीले बालीनाली नष्ट गरेकोले कृषकहरु अझ हतोत्साहित भएका छन् । सिंचाइको कमी तथा राम्रो व्यवस्थापन नभएकोले पनि कृषि पेशा अझ फस्टाउन सकिरहेको छैन । कतिपय वडाहरुमा सिंचाईको अभाव छ । थोपा सिंचाइलाई प्रोत्साहन गरेर यस्तो समस्याको समाधान गर्न सकिन्छ । कृषि पेशालाई हेला भावले हेर्नु र युवा जनशक्ति विदेशिनु, कृषिमा उत्पादनले सहज बजार पहुँच नहुनु समस्या देखिन्छन्

## ४.२. सडक तथा यातायात

मेलम्ची नगरपालिकाका अधिकांश सडकहरु अस्थाई, धुले, कच्ची र १२ महिना नचल्ने नहुने अवस्थाका छन् । यसैगरी कतिपय बस्ती तथा फाँटहरुमा मोटरबाटो पुग्न नसकेको अवस्था पनि छ । मेलम्ची नगरपालिकाका अधिकांश वडाहरु ग्रामीण परिवेशका, सडक संजालले भर्खरै मात्र जोडिएका, सडकहरुको अवस्था कमजोर, सिंचाईका स-साना र टुक्रे योजनाहरु, कृषि तथा वन्यजन्य उत्पादनको प्रशोधनको संभावनाको अध्ययन र सो अनुसार उद्योगहरुको स्थापना नभएको, निर्वाहमूखि कृषि प्रणाली, सचेतनाको कमीका कारण तरकारी खेतीको विकास गर्न नसकिएको हो ।नगरपालिकाका प्रमुख सडकहरुमा मात्र सार्वजनिक यातायातको सुविधा छ । धेरैजसो बस्तीहरु सार्वजनिक यातायातको पहुँचबाट टाढा छन् । वर्षायामको समयमा भने अधिकांश सडकहरुमा यातायात नचल्ने अवस्था छ ।

## ४.३. तरकारी खेतीको लागि भौतिक पूर्वाधारहरुको अभाव

भूमि विकासको लागि एक महत्वपूर्ण स्रोत भएता पनि जनसंख्या वृद्धि र शहरीकरणले गर्दा पर्याप्त हुनसकेको छैन । भू-उपयोग योजनाले भूमिको उचित उपयोग तथा व्यवस्थापन र भविष्यमा भूमिको उपयोगलाई निर्धारण गर्न सहयोग गर्छ । यस्तो योजनाको अभावमा नगरपालिकाले अव्यवस्थित भू-उपयोगलाई नियन्त्रण गर्न कठिन हुन्छ । खेती योग्य जमिनहरुमा घनावस्ती बनिरहेका छन् । खेतीको लागि उपयूक्त जमिनलाई पकेट क्षेत्रको रुपमा नक्सांकन गरी सो जमिनमा खेती गरे वापत कृषक र उत्पादनको मूल्यांकन गर्ने परिपाटी छैन् । राष्ट्रिय स्तरमा झै भूमिको व्यवस्थापनको लागि उपयुक्त नीतिको अभाव छ । मेलम्ची नगरपालिकाले आफ्नो भू-उपयोग योजना

नबनाएकोले शहरी क्षेत्रमा अव्यवस्थित बसोबास र ग्रामीण क्षेत्रमा कृषियोग्य भूमि तथा वनक्षेत्रको अतिक्रमण भइरहेको छ ।

#### ४.३.१. संकलन केन्द्र

तरकारी संकलन केन्द्रहरु ठाउँ ठाउँमा स्थापना भएतापनि तिनको उचित व्यवस्थापन र उपयोग नगरिएको अवस्था छ । आवश्यकता हेरी उच्च तरकारी उत्पादन हुने वडाहरुमा तत्कालै संकलन केन्द्रको स्थापना र प्रभावकारी व्यवस्थापन हुनु पर्दछ । संकलन केन्द्र र बजार बीचको सम्बन्ध स्थापीत गर्नको लागि नगरपालिकाले पहल गर्नु पर्दछ ।

#### ४.३.२.चिस्यान केन्द्र

हालसम्म पनि मेलम्ची नगरपालिकाभित्र तरकारी चिस्यान केन्द्र नगरहेकोले तरकारीलाई लामो समयसम्म सुरक्षित राख्नको लागि चिस्यान केन्द्रको स्थापना  र प्रभावकारी संचालन गरिनु पर्दछ ।

#### ४.३.३. सिंचाई

तथ्यांक अनुसार कुल खेती योग्य जमिनको १८ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाईको व्यवस्था भएको र बाँकी खेती योग्य जमिन आकासे पानीको भरमा खेती गरिने भएकोले आवश्यकता अनुसार समयमा सिंचाई गर्न नपाउँदा उत्पादकत्व घट्ने भएकोले कम्तीमा खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधाको लागि पूर्वाधार विकास गरिनु पर्दछ ।

#### ४.३.४. सडक

मेलम्ची नगरपालिकाको सबै वडासम्म पुग्नको लागि सडकको पहुँच रहेको तर सडकको अवस्था ज्यादै दयनिय भएकोले बर्षा यामका ४ महिना यातायात आवागमनमा अवरोध हुनेस्थिति छ । उत्पादीत तरकारीको बजारसम्मको पहुँचको लागि सडक प्रमुख भौतिक पूर्वाधार हो । कम्तीमा वडाको मुख्य भागहरु भएर जाने सडकको चाँडो भन्दा चाँडो स्तरोन्नती हुन पर्ने आवश्यकता छ ।

### ४.४. सहकारी संस्था परिचालन

यस नगरपालिकामा कुल ११८ वटा विभिन्न प्रकारका सहकारीहरु संचालनमा रहेका छन् ती मध्ये ४४ वटा कृषि सहकारी संस्था छन् । सहकारीहरुलाई तिनीहरुका उद्देश्य बमोजिम परिचालन गर्न नसकेको कारण कृषि उत्पादन, बजारीकरण गर्नुको सट्टा बचत तथा ऋण लगानीको मात्र कार्य गरिरहेका छन् । जसले तरकारी खेतीको लागि लगानी, उत्पादन, बजारीकरणमा खासै प्रगति हुन सकेको छैन ।

### ४.५. चुनौतीहरु

नगरपालिकाका अधिकांश जनसंख्याको प्रमुख पेशा कृषि भएता पनि व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न सकिएको छैन । निर्वाहमुखी खेती प्रणालीमा आधारित भएकोले कृषिमा सबैभन्दा बढी समय खर्च गरेपनि त्यहाँबाट आर्थिक फाइदा भने लिन सकिएको छैन । यसैगरी, सिंचाई सुविधा राम्रो नभएर कृषकहरु आकासेपानीको भर पर्न परिरहेको छ । पानीको स्रोत भएता पनि खेतीलाई सिंचाई नपुग्दा उत्पादन दर सन्तोषजनक छैन । राम्रो संकलन तथा प्रशोधन केन्द्र नहुँदा उत्पादन भएका बस्तुहरु खेर जाने गरेका छन् । बजारमा उत्पादनको उचित मूल्य नपाउने भएकोले यहाँका कृषकहरु हतोत्साहित भएका छन् । व्यवसायिक कृषिको ठूलो सम्भावना बोकेको ठाँउमा यस्तो समस्या हुनु भनेको नगरपालिकाको लागि ठूलो चुनौती हो । व्यवसायिक तरकारी खेती गर्न सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण ।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • नगर क्षेत्रमा कृषियोग्य भूमि धेरै हुनु र तरकारी खेतीमा व्यवसायिकता बढ्दो ।<br>• राजधानीबाट नजिक हुनु वा उत्पादनले सहजै बजार पाउनु ।<br>• नगरको धेरैजसो भूभाग ग्राणीण परिवेश र धेरै मानिस किसान । | • नगरको केन्द्र र अन्य वडाहरु जोड्ने अधिकांश सडकहरु अस्थाई, धुले, कच्ची र १२ महिना नचल्ने अवस्थामा ।<br>• पानीको स्रोत प्रशस्त भएता पनि उचित व्यवस्थापन नभएकोले सिंचाईलाई व्यवस्थित गर्न नसक्नु ।<br>• अति न्यून मानिस मात्र व्यवसायिक तरकारी खेती सम्बन्धी ज्ञान र ईच्छा हुनु । |

| | |
|---|---|
| • पानीको श्रोतहरु प्रशस्त भएको र सिंचाईको व्यवस्थापन गर्न सकिने | • तरकारी खेतीको लागि आवश्यक पूर्वाधारहरुको विकास गर्न नसक्नु । |
| **अवसर** | **चुनौती** |
| • वडा नं. १, २, ३ र ४ लाई कृषि पर्यटकीय हवको रुपमा विकास गर्न सकिने ।<br>• कृषि क्षेत्रमा सार्वजनिक नीजि साझेदारी अवधारणाको विकास गर्ने । | • वन्यजन्तुहरु जस्तै बाँदर, बँदेल, दुम्सी, मृग आदिले बालीनाली नष्ट गरेकोले कृषकहरु हतोत्साहित । |

## भाग : ५
## तरकारी खेती तथा बजारीकरण

### ५.१. मुख्य १० मौसमी तथा बेमौसी तरकारीहरु

उत्पादकत्वको आधारमा मेलम्ची नगरपालिकाभित्र उत्पादन हुने तरकारीहरु मध्ये मुख्य मुख्य १० तरकारीहरुको विवरण तलको तालिका उल्लेख गरिएको छ । कृषि कार्यालयको विवरणमा आधारित यस विवरण अनुसार सबैभन्दा वढी उत्पादकत्वबाट क्रमशः थोरै उत्पादकत्व भएको १० तरकारीहरु वडागत रुपमा उत्पादन निम्नानुसार देखिन्छ । व्यवसायिक तरकारी खेतीको लागि नगरपालिकाले तिनै तरकारीहरुलाई प्राथमिकता दिनु पर्दछ ।

| वडा नं. | स्थान | मुख्य १० तरकारीहरु | कैफियत |
|---|---|---|---|
| १ र २ | भोटचौर क्षेत्र | काको, आलु, जाँजर, लौका, स्कुस, बन्दा, मूला, गोभेंडा, घिरौला, गोलभेंडा | |
| ७ र ८ | दुवाचौर क्षेत्र | अदुवा, काउली, लौका, बन्दा, घिरौला, आलु, काको, चिचिण्डो, मूला, भण्टा | |
| ३ | हैवुङ क्षेत्र | रायो, काउली, काको, लौका, आलु, बन्दा, अदुवा, भण्टा, चिचिण्डो, मूला | |
| ९ | ज्यामिरे क्षेत्र | काउली, लौका, आलु बन्दा, भण्टा, गोलभेंडा, चिचिण्डो, स्कुस, मूला, अदुवा | |
| ११ | मेलम्ची क्षेत्र | आलु, काउली, बन्दा, लौका, काको, बेसार, अदुवा, भण्टा, मूला, करेला | |
| १३ | फटकशिला क्षेत्र | आलु, काको, काउली, करेला, गोलभेंडा, बन्दा, स्कुस, लौका, भण्टा, अदुवा | |
| १० | शिखरपुर क्षेत्र | काउली, आलु, काको, बन्दा, गोलभेंडा, घिरौला, करेला, लौका, अदुवा, भण्टा | |
| ६ | तालामाराङ क्षेत्र | काक्रो, आलु, काउली, स्कुस, करेला, लौका, बन्दा, घिरौला, भण्टा, गोलभेंडा | |
| ४ | थकनी क्षेत्र | काको, सिमि, स्कुस, काउली, आलु, लौका, करेला, गोलभेंडा, बन्दा, अदुवा | |
| १२ | बाँसवारी (वाहुने पाटी( क्षेत्र | काको, लौका, काउली, आलु, फर्सी, अदुवा, बन्दा, मूला, गोलभेंडा, चिचिण्डा | |
| ५ | सिन्धुकोट क्षेत्र | काउली, करेला, भण्टा, आलु, गालभेंडा, बन्दा, काको, स्कुस, बेसार, लौका, फर्सी | |

### ५.२. मूल्य तथा कुल मूनाफा

तरकारी चाडै कुहिने, थन्काएर राख्दा स्वच्छतामा ह्रास आउने, प्याकेजिंङ तथा ढुवानी गर्दा सावधानी अपनाउनु पर्ने हुन्छ । तरकारीलाई स्वच्छ अवस्थामा उपभोक्ता समक्ष पुऱ्याउन सकिएन भने मूल्यमा गिरावट आउँछ । तरकारीको उत्पादन, बजारीकरणका लागि गरिएका खर्च सहित अन्तिम बजारसम्मको मूल्यलाई हेर्नुपर्ने हुन्छ । उत्पादक, वितरक र उपभोक्ता मूल्य बीचको अन्तरको विश्लेषण विना तरकारीको मूनाफा एकिन गर्न सकिन्दैन् । मेलम्चीमा उत्पादीत तरकारीको उत्पादक, वितरक (होलसेल मूल्य) र उपभोक्ता मूल्य निम्न बमोजिम देखिन्छ । उत्पादनस्थलबाट संकलन केन्द्र, संकलन केन्द्रबाट होलसेल बजार र होलसेलबजारबाट खुद्रा विक्री भई उपभोक्तामा पुग्दछ ।

### ५.३. भण्डारण क्षति

तरकारी भण्डारण गर्दा सबैभन्दा बढी क्षती हुने उत्पादनमा पर्दछ । उपयूक्त प्रविधिको अभावले भण्डारण गर्दा तौल घट्ने तथा कुहिने हुन्छ । चाँडै क्षति हुने प्रकृतिको उत्पादन भएकोले यातायातको पहुँच कम भएको स्थान, संकलन केन्द्र टाढा भएको आवस्थामा बढी क्षति व्यहोर्नु पर्दछ । नेपालमा तरकारीको ग्रेडिङ गर्ने प्रणालीको विकास भएको देखिन्दैन कारण बढी खर्चिलो र मूल्यमा खासै अन्तर नआउने भएकोले छनौट प्रणाली विकास नगरिएको देखिन्छ । भण्डारण, प्याकेजिङ पनि परम्परागत नै रहेको छ । केही आधुनिक प्रविधिको हस्तान्तरण भईरहेपनि त्यसको सहि उपयोग भएको देखिन्दैन् । गोलभेंडा केटमा, काउली, बन्दा, साग, सिमी जुटको बोरा तथा डोकोमा राखेर बजार तथा संकलन केन्द्रसम्म लैजाने परम्परा छ ।

### ५.४. बजार तथा प्रतिस्पर्धा

मेलम्ची नगरपालिका क्षेत्रमा तरकारीको उत्पादन दिनानुदिन बढिरहेको छ । तथापी बजारको मागलाई पूरा गर्न सकेको छैन । नगरपालिका भित्रैपनि बाहिरबाट तरकारीको आयत गर्नुपर्ने अवस्था छ । नेपालले बार्षिक भारतबाट निकै ठूलो मात्रामा काउली, बन्दा, गोलभेडा, सिमी, हरियो केराउको आयत गर्दछ । आयत प्रतिस्थापनको लागि पनि तरकारी खेती गर्न आवश्यक देखिन्छ । तरकारीको निर्यात भन्दा कयौगुणा आयत हुनले नेपालमा तरकारी खेतीको संभावना उच्च रहेको औल्याई रहेको छ । खाँचो व्यवसायिकता र उत्पादन मैत्री नीतिको मात्र रहेको देखिन्छ ।

मेलम्ची नगरपालिका अन्तरगत उत्पादन भएको तरकारीको मुख्य बजार काठमाण्डौं हो । धुलिखेल, बनेपामा रहेका बजारहरुले पनि तरकारी संकलन गर्न सक्ने संभावना देखिन्छ । बार्षिक रुपमा कालिमाटी बजारमा आउने तरकारीको आयतन निम्नानुसार रहेको छ ।

| तरकारीहरु | | बार्षिक थोक औषत मूल्य | | |
|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | औषत |
| गालभेंडा ठूलो | Tomato Big | २५.०० | ११०.०० | ५०.८० |
| गोलभेंडा सानो | Tomato Small | १२.०० | १००.०० | ४१.६० |
| रातो आलु | Potato Red | १६.०० | ५०.०० | २८.४८ |
| सेतो आलु | Potato White | १३.०० | ४०.०० | २४.७७ |
| गाँजर | Carrot | २५.०० | ११०.०० | ५९.२७ |
| बन्दा | Cabbage | १०.०० | ९०.०० | २९.८१ |
| स्थानीय काउली | Cauli Local | १८.०० | १६०.०० | ५२.३० |
| तराई काउली | Cauli Terai | १२.०० | ५०.०० | ३१.५८ |
| रातो मूला | Raddish Red | २५.०० | ५०.०० | ३२.९७ |
| सेतो मूला | Raddish White | १०.०० | ५५.०० | २५.०२ |
| भण्टा | Brinjal Long | २०.०० | १००.०० | ४०.१० |
| घिउ सिमी | French Bean | २०.०० | १३०.०० | ६२.५२ |
| टाटे सिमी | Sword Bean | २५.०० | १२०.०० | ६९.५२ |
| तितो करेला | Bitter Gourd | २०.०० | १७०.०० | ६३.७३ |
| लौका | Bottle Gourd | २०.०० | ६०.०० | ४०.३० |
| चिचिण्डो | Snake Gourd | २०.०० | ७०.०० | ४०.७५ |

| तरकारीहरु | | बार्षिक थोक औषत मूल्य | | |
|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | औषत |
| घिरौला | Smooth Gourd | २५.०० | १२०.०० | ५०.५६ |
| पाकेको फर्सी | Pumpkin | १८.०० | ५५.०० | ३०.३४ |
| हरियो फर्सी | Squash | १४.०० | ७०.०० | ४१.७९ |
| भिण्डी | Okara | २०.०० | १३०.०० | ७०.९० |
| स्कुस | Christophine | ८.०० | ६०.०० | ३४.४८ |
| रायो साग | Brd Leaf Mustard | १२.०० | ९५.०० | ५१.२६ |
| मेथीको साग | Fenugreek Leaf | ४०.०० | १००.०० | ५८.३५ |
| प्याज हरियो | Onion Green | २०.०० | १६०.०० | ८०.१२ |
| कांक्रो | Cucumber | १५.०० | ११०.०० | ५२.०५ |
| अदुवा | Ginger | ४०.०० | ७०.०० | ५२.४१ |
| हरियो खुर्सानी | Chilli Green | ३५.०० | १६०.०० | ६३.०८ |
| भेडे खुसानी | Capsicum | ३५.०० | २२०.०० | ७५.७० |
| हरियो लसुन | Garlic Green | ३५.०० | ४२०.०० | १०४.२९ |
| हरियो धनिया | Coriander Green | ३०.०० | ३९०.०० | १२३.४७ |

स्रोत: बार्षिक प्रतिवेदन, २०७४, कालिमाटी बजार ।

सिन्धुपाल्चोक जिल्लाबाट कालिमाटी तरकारी बजारमा आपुर्ति हुने तरकारीहरुको विवरण २०७४

| कृषि उपजको नाम | | तौल के.जी. |
|---|---|---|
| सानो गोलभेडा | Tomato Small | ४६७०० |
| रातो आलु | Potato Red | २२८४३५५ |
| सेतो आलु | Potato White | ६३४५० |
| सुकेको प्याज | Onion Dry | २२५६ |
| गाँजर | Carrot | ३९०० |
| बन्दा | Cabbage | २२२४५० |
| स्थानीय काउली | Cauli Local | ११४०३० |
| रातो मुला | Raddish Red | ४००० |
| सेतो मुला | Raddish White | ४८२८५ |
| लाम्चो भन्टा | Brinjal Long | २००० |
| मटरकोशा | Green Peas | ३५०० |
| घिउ सिमी | French Bean | १००० |
| भटमास | Soyabean Green | १७५० |
| तितो करेला | Bitter Gourd | २२२० |
| परवर | Pointed Gourd | २५०० |
| पाकेको फर्सी | Pumpkin | ४००० |
| हरियो फर्सी | Squash | ३५०० |
| बरेला | Barela | ५५०० |

| कृषि उपजको नाम | | तौल के.जी. |
|---|---|---|
| पिंडालु | Arum | २९९२५ |
| स्कुस | Christophine | ५३०० |
| बकुला | Bakula | १००० |
| कांक्रो | Cucumber | ३००० |
| अदुवा | Ginger | ३००० |
| सुकेको छ्यापी | Clive Dry | ५००० |

स्रोत: बार्षिक प्रतिवेदन, २०७४, कालिमाटी बजार ।

भारत, चीन तथा अन्य मुलुकबाट कालिमाटी बजारमा आयत हुने तरकारी तथा फलफूलको विवरण

| देश | भारत | चीन | अन्य |
|---|---|---|---|
| तरकारी तथा फलफूल केजीमा | १०२,४९५,८८० | १,१०५,९५० | ५,३७२,७६४ |
| प्रतिशतमा | ४५.५३ | ०.४९ | २.३९ |

नेपालको मुख्य बजार कालिमाटीमा तरकारी तथा फलफूलको आयत २०७४ अनुसार भारतबाट ४५.५३, चीनबाट ०.४९ र अन्य मुलुकबाट २.३९ प्रतिशत अर्थात कुल करिब ५० प्रतिशत आयातीय तरकारी तथा फलफूलको मात्रा रहेको छ । यस बजारमा सिन्धुपालचोक जिल्लाबाट १.२७ प्रतिशत अर्थात २,८६२,६२१ केजी तरकारी तथा फलफूल पुग्ने गरेको छ ।

## ५.५. तरकारी उत्पादन क्रियाकलापमा सहभागिता

तरकारी उत्पादन क्रियाकलापमा महिला, पुरुष, बालबालिका, विभिन्न उमेर समुह, जातजाती र आर्थिक अवस्थाका मानिसहरुको सहभागिता रहेको देखिन्छ । अध्ययन क्षेत्रमा कृषि उत्पादन (तरकारी उत्पादन क्रियाकलाप), घरायसी र अन्य रोजगारी मुख्य रहेको देखिन्छ । तरकारी खेती र घरायसी कार्यहरुमा महिलाको योगदान बढी रहेको देखिन्छ । अध्ययन क्षेत्रका महिलाहरुले हलुका कार्यहरु जस्तै मल बोक्ने, विरुवा रोप्ने, गोडमेल गर्ने, भण्डारण गर्ने गरेको पाईन्छ । महिला र पुरुषको ज्याला दरमा समेत फरक रहेको पाईन्छ । पुरुषहरुले खन्ने, जोत्ने, बजारीकरण गर्ने, माटो बनाउने कार्यमा संलग्न रहेको देखिन्छ । १० वर्षभन्दा माथिका बालबालिकाहरुले पनि विरुवा रोप्ने तथा बाली थन्काउने कार्यमा सहयोग गरेको देखिन्छ ।

**महिला र पुरुषले सहभागि भई गर्ने कार्यहरु**

| क्रियाकलापहरु | पुरुष | महिला |
|---|---|---|
| कृषि | जोत्ने, खन्ने, सिंचाई गर्ने, थन्काउने | मल बोक्ने, माटो मिलाउने, विरुवा रोप्ने, थन्काउने |
| ज्याला श्रम | गाउँको भित्र बाहिर, निर्माण कार्य, दक्ष श्रमिक, सिकर्मी, डकर्मी | कृषि श्रमिक गाँउमै, निर्माण कार्यको लागि माटो र ढुंगा बोक्ने । |
| रोजगारी | देश भित्र बाहिर, सरकारी निकायहरुमा | देशभित्र केही र शिक्षक विशेष, तल्लो तहमा |
| घरायसी कार्य | अति न्यून मात्रामा | पूरै |
| घाँस दाउरा | अति न्यून मात्रामा | पूरै |
| बजार | ठूलो किनमेल, विक्री | सानो किनमेल, विक्री |

## ५.६. तरकारी खेतीको अवसर र अवरोधहरु

मेलम्ची नगरपालिका क्षेत्रको भौगोगिक अवस्थितिका कारण विविध प्रकारको उचाई र हावापानी रहेको छ । हावापानीमा भएको विविधताले नेपालका विभिन्न भौगोगिक क्षेत्रमा हुने तरकारीको खेती यस नगरपालिकामा गर्न सकिन्छ । बढ्दो सहरीकरण, सेवा क्षेत्रको विस्तारले कृषि उत्पादन घटि रहेको सन्दर्भ, आयतको मात्रा, युवा जनशक्ति पलायन लगाएतको अवस्था हेर्दा नेपालमा तरकारी उत्पादनको मात्रा घट्दो छ । एकतर्फ यसले देशलाई ठूलो घाटा भईरहको छ भने अर्कोतिर तरकारी उत्पादकलाई निकै फाईदा हुने देखिन्छ । केही किसानहरुले उत्पादन गरेको

तरकारी तथा फलफूलको लागि बजारको अभाव छैन् । सरकारको नीतिले तरकारी उत्पादनको लागि विभिन्न किसिमका अनुदान, भौतिक पूर्वाधार विकास, पकेट क्षेत्र घोषणा, कृषि सडक यातायात संजाल विस्तार, सिंचाई सुविधा, उपयूक्त ढुवानी साधन र प्रविधि, बजारीकरणमा सहजता, संकलन केन्द्रहरुको स्थापना, बजार केन्द्रहरु, ऋण सुविधा, सुचनामा पुहँच बढाउन सहयोग गरीरहेको छ। तथापी अवसर र अवरोध दुबै रहेको पाइन्छ।

**अवसर र अवरोधहरु**

| प्रकार | अवसरहरु | अवरोधहरु |
|---|---|---|
| बजार पहुँच | • नगरको सहरी क्षेत्र तथा राजधानीको बजार। | • न्यून उत्पादन, गुणस्तरीय उत्पादन, बजारको सुचना अभाव र मूल्य संयन्त्र।<br>• संस्थागत स्थानीय बजारको अभाव। |
| लगानी आपूर्ति | • उत्पादन साधनहरुको उपलब्धता।<br>• गुणस्तरीय विऊ प्राप्त हुने नार्क केन्द्रहरु। | • नगरको केन्द्रमा मात्र उत्पादन साधनहरुको उपलब्धता। |
| प्रविधि तथा उत्पादन विकास | • तरकारी खेतीको लागि उपयूक्त हावापानी।<br>• सेवा प्रदायकहरुमा पहुँच जस्तै कृषि सेवा केन्द्र गैसस, सहकारीहरु।<br>• सामाग्री विविधकरण जस्तै अचार, सस, केचप, हरियो केराउ, सुख्खा तरकारी, क्यान स्न्याक्स।<br>• कम्तीमा अनुन्धान केन्द्रसम्म उत्पादन र थन्काउने प्रविधि प्राप्त। | • पकेट क्षेत्रमा अप्रर्याप्त विऊ, प्रविधि तथा अन्य साधनहरुको अभाव।<br>• उत्पादन र भण्डारण सम्बन्धी प्रविधिको हस्तान्तरण उत्पादक र व्यवसायीसम्म पहुँच न्यून।<br>• प्रविधि र साधनमा न्यून किसानको पहुँच।<br>• प्रशोधन केन्द्र, उद्योगसम्मको पहुँच न्यून। |
| व्यवस्थापन तथा संगठन | • उत्पादक समुह, संकलन तथा बजारीकरणका सहकारीहरु | • लेखा, विवरण अध्यावधिक, व्यापार योजना सम्बन्धी न्यून ज्ञान।<br>• संस्थागत बजारीकरण च्यानल र प्रचलनको अभाव। |
| वित्तिय पहुँच | • बचत ऋण समुह, सहकारी संचालन | • समुह संचालन गर्ने क्षमताको अभावले समुहहरुको कमजोर कार्य गुणस्तर। |
| पूर्वाधार | • कृषि सडक विस्तार, सिंचाई सुविधा विस्तार।<br>• बजार तथा चिस्यान केन्द्र निर्माणको लागि जमिन उपलब्धता। | • आधारभूत पूर्वाधार जस्तै सडक, सिंचाई, विधुतको न्यून उपलब्धता, मौसमी सडक।<br>• चिस्यान केन्द्रको अभाव। |
| सुशासन सशक्तिकरण | • महिला, दलित, जनजातिहरुको सहभागिता बढ्दो।<br>• रोजगारी सृजना, आयआर्जन र पोषण बृद्दि | • महिला किसानको आयस्तर न्यून हुनु।<br>• सेवा प्रदायकको कमजोर सेवा। |
| अनुगमन नीति | • कृषि उपजमा कर छुट।<br>• साधनमा अनुदान उपलब्धता। | • व्यवहारमा विभिन्न करहरु लागिरहेका।<br>• ज्यादै न्यून अनुदान र गरिव किसानको पहुँच कमजोर। |

### ५.७. बजारमा आधारीत समाधान

तरकारी उत्पादनको संभाव्यता अध्ययन गरिरहँदा बजारमा आधारित भएर गरिनु वढी व्यवहारिक हुने देखिन्छ । तरकारीको माग, आपूति अवस्था, सर्वजनिक, नीजि, नागरीक समाज र उपभोक्ताहरुको मूल्यांकन, अवरोधहरुको विश्लेषण गर्नुपर्ने हुन्छ ।

| मूल्य सृखलामा अवरोधहरु | बजारमा आधारित समाधानहरु |
|---|---|
| न्यून मात्रा र गुणस्तरको उत्पादन जस्तै थोरै उत्पादन, साना साईज, नराम्रो रंग, नमिलेको वा माग अनुसारको नहुनु । | • तरकारी उत्पादन पकेट क्षेत्र निर्धारण<br>• समयसापेक्ष साधनहरुको उपलब्धता जस्तैः विऊ, मल, विषादी ।<br>• उत्पादन र थन्काउने तालिम । |
| बजारको सूचना अभाव र मूल्य संयन्त्र | • तरकारीको बजार बास्तविक अवस्था बारे थाहा पाउने संयन्त्र निर्माण गर्ने (सूचना व्यवस्थापन प्रणाली) |
| प्रशोधन सुविधा र ज्ञानको अभाव | • संकलन केन्द्र नजिकमा साना प्रशोधन केन्द्र स्थापना गर्ने<br>• ग्रेडिङ, प्याकेजिङ, प्रशोधन, गुणस्तर सम्बन्धी किसान, व्यापारी, होलसेलर, खुद्रा व्यापारीलाई तालिम । |
| व्यवसायिक विकास सम्बन्धी न्यून ज्ञान | • व्यवसायिक उत्पादक, व्यापारीलाई व्यवसाय विकास सम्बन्धी तालिम ।<br>• व्यापार विकास सेवाको पहुँच । |
| बैंक तथा वित्तिय संस्थामा पहुँच न्यून | • लगानीको लागि वित्तिय व्यवस्थाको लागि बैंक ।<br>• लधु वित्तमा पहुँच । |
| पूर्वाधारको अभाव | • पकेट क्षेत्रमा कम्तीमा एक एक संकलन केन्द्र ।<br>• नगरक्षेत्रमा कम्तीमा एक चिस्यान केन्द्र ।<br>• नगरक्षेत्रमा कम्तीमा एक होलसेल तरकारी बजार ।<br>• बाह्रै महिना संचालन हुने सडक संजाल । |
| सहकारीमा आधारित खेती प्रणालीको अभाव | • पकेट क्षेत्रनिर्धारण गरि सहकारीमा आधारित तरकारी खेती प्रणालीको विकास । |
| तरकारी खेती सम्बन्धी जानकारी अभाव | • तरकारी खेती सम्बन्धि सर्म्पूण ज्ञान सहितको स्रोत पुस्तक प्रकाशन र वितरण । |
| प्राविधिक पहुँच, प्राविधक ज्ञान र सिप विकास नहुनु | • किसानहरुलाई प्राविधि ज्ञान, प्राविधिकसँग सहज पहुँच र तरकारी खेती सम्बन्धी व्यवहारीक तालिम । |

### ५.८. तरकारी व्यवसाय प्रवर्द्दनको लागि रणनीतिक कार्यक्रमहरु

मेलम्ची नगरपालिका तरकारी उत्पादनको लागि पकेटको रुपमा विकास गर्न सकिने कुरा विगतका क्रियाकलापहरुले पनि बुझ्न सकिन्छ । शिखरपुरलाई तरकारी पकेट क्षेत्र घोषणा गरी तरकारी उत्पादनलाई प्रवर्द्दन गर्न कार्य भईरहको तथा नगरको १० वडालाई कृषि विकास कार्यालयबाट तरकारी पकेट क्षेत्र भनी उल्लेख गरेको र हरेक वडामा तरकारी खेती उत्पादन भई रहेकोले मेलम्चीमा व्यवसायिक तरकारी उत्पादनको लागि केही रणनीतिक कार्यहरु गर्न पर्ने देखिन्छ । योजना तथा कार्यक्रमलाई अल्पकालिन र दिर्घकालिन गरी दुई खण्डमा विभक्त गर्न सकिन्छ ।

अल्पकालिन कार्यक्रमले किसान, व्यवसायि, उपभोक्ता लक्षित तत्कालै मापन गर्न सकिने कार्यक्रमहरु र दिर्घकालिन कार्यक्रमले तरकारी उत्पादनको लागि दिगो र भरपर्दो संस्थागत विकास तर्फ ध्यान दिनुपर्दछ ।

### ५.८.१. अल्पकालिन कार्यक्रमहरु

#### ५.८.१.१. उत्पादन तर्फका कार्यक्रमहरु

- **तरकारी उत्पादन पकेट क्षेत्र:** कृषि विज्ञ, प्राविधिकहरु तथा किसानहरुको प्रत्यक्ष सहभागिता नगर क्षेत्रको तरकारी उत्पादन हुन सक्ने क्षेत्रहरुको अवलोकन, हावापानी, माटो परिक्षण गरि कुन कुन तरकारी उत्पादनले बढी मूनाफा प्राप्त हुन्छ भन्ने बारेमा यकिन गर्ने ।
- **सहकारीतामा आधारित उत्पादन:** पकेट क्षेत्रहरुको निर्धारण भएपछि खण्डीकृत जमिनको एकिकरण गरी तरकारी खेती संचालन गर्नको लागि सामुहिक खेती प्रणाली बारेमा किसानलाई सचेत गर्ने, एकिकृत खेतीको लागि प्राविधिहरुको सहज पहुँच बनाई दिने, उत्पादनका साधनहरुको सहजत दिने र सहकारीतामा आधारित उत्पादन प्रणालीको विकास गर्ने ।
- **मौसमी तथा बेमौसमी तरकारी उत्पादन प्रविधि हस्तान्तरण:** व्यवसायिक तरकारी उत्पादनको लागि किसानहरुलाई तरकारी खेती सम्बन्धी राम्रो ज्ञानको जरुरी हुन्छ । मौसमी भन्दा बेमौसमी तरकारी खेतीबाट वढी मूनाफा प्राप्त हुने भएकोले के कसरी बेमौसमी खेती गर्ने र सोको लागि कस्तो प्राविधि ज्ञान आवश्यक पर्दछ । बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक घरको निर्माण सम्बन्धी प्रविधि हस्तान्तरण र अनुदानको व्यवस्था गर्ने ।
- **सिंचाई सुविधा र प्रविधि:** गुणस्तरीय र प्रतिस्पर्धी तरकारी उत्पादनको लागि विऊ, मल, माटो, प्राविधिक ज्ञानका अतिरिक्त सिंचाई सुविधा हुन जरुरी छ । आवश्यकता अनुसार सिंचाई गर्न नपाएको खण्डमा उत्पादकत्वमा ह्रास आउँछ । त्यसैले किसानहरुलाई थोपा सिंचाई, प्लाष्टिक पोखरी, लिफ्ट सिंचाई, नहर, कुलो, पाईप आदिको सुविधा तथा राम्रो ज्ञान हुनु पर्दछ । तरकारीका पकेट क्षेत्रहरुमा तत्काले सिंचाईको प्रर्याप्त व्यवस्थापन गरिनु पर्ने ।
- **अवलोकन भ्रमण:** किसानहरुलाई सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञानको पनि खाँचो पर्दछ । नेपालका व्यवसायिक तरकारी उत्पादन स्थलहरुमा अवलोकन भ्रमण गराउने, किसान बीचमा ज्ञानको आदान प्रदान गराउने, विभिन्न कृषक समुह बीच भातृत्व सम्बन्ध कायम गरी समस्या, नयाँ प्रविधि बारेमा अनुभव साटासाट गराउनु पर्दछ । सफल तरकारी किसानसँगको सम्बन्धले किसानलाई हौसला बढाउने तथा पेशा प्रति चासो बढाउने ।
- **बेमौसमी तरकारी उत्पादन तालिम:** तरकारी उत्पादन गर्ने किसानलाई मौसमी बैमौसमी दुबै ज्ञान हुनु पर्दछ । सिजनमा मात्र तरकारी उत्पादन गरेर पुग्दैन । सदावहार तरकारी उत्पादन गर्न सक्ने किसान भएमा मात्र तरकारीको आपूर्ति निरन्तर हुने र अन्य किसान पनि त्यसप्रति आकर्षण हुने भएकोले बेमौसमी तरकारी उत्पादन बारे राम्रो तालिमको व्यवस्था गर्ने ।
- **एग्रोभेट संचालकहरुलाई तालिम:** सबैभन्दा वढी रोग तथा किराहरुको प्रकोप तरकारीमा हुने भएकोले तालिम प्राप्त एग्रोभेटले मात्र सही र उपयूक्त मात्रामा विषादी प्रयोगको सल्लाह दिन सक्दछ । एग्रोभेट संचालकलाई उत्पादन प्रविधि, गुणस्तरीय उत्पादन लगानीहरु, एकिकृत शत्रुजिव व्यवस्थापन लगाएतका विषयमा राम्रो ज्ञान दिने व्यवस्था गर्ने ।

#### ५.८.१.२. बजारीकरण तर्फका कार्यक्रमहरु

- **सहकारीतामा आधारित बजार प्रवर्द्दन:** सामुहिक तरकारी खेती प्रणालीको विकासले सहकारीतामा आधारित बजार प्रवर्द्दन तर्फ किसानलाई आकर्षित गर्दछ । किसानले उत्पादन गरिदिन र सहकारीले बजारीकरण गर्ने तथा किसानलाई विऊ, मल, प्रविधि उपलब्ध गराउदा मूल्य सृखला बन्दै जान्छ । यहि नै दिगो तरकारी खेतीको आधार हो ।
- **हार्भेष्टिङ तथा प्याकेजिङ सामाग्री वितरण:** तरकारी ज्यादै चाँडो सड्ने बस्तु भएकाले यसको थन्काउने र प्याकेजिङ गर्ने सामाग्रीको किसानलाई सहज पुहँच हुनु पर्दछ । यसको लागि प्लाष्टिक क्रेट सामाग्री सहकारी मार्फत अनुदानमा किसानलाई उपलब्ध गराउने ।
- **सूचना केन्द्रको स्थापना:** आवश्यक समयमा भरपर्दो सूचना उपलब्ध नभएर कतिपय किसान पलायन भएका छन् । तरकारी उत्पादन, बजार मूल्यका बारेमा सूचना दिने केन्द्र स्थापन गरिने पर्दछ । आफूले

उत्पादन गरेको तरकारी कसले कतिमा खान्छ भन्ने जानकारी पाउनु किसानको अधिकार हो भन्ने विषयलाई जोड दिने ।

- **तरकारी संकलन तथा चिस्यान केन्द्रहरुको स्थापना:** नगरपालिकाले तोकिएका पकेट क्षेत्रहरुमा सहज प्रकारका संकलन केन्द्र स्थापना गर्ने । संभव भएसम्म वडाहरुको सहज पहुँच हेरेर चिस्यान केन्द्रहरु स्थापना गर्ने ।
- **तालिमको व्यवस्था:** तरकारी उत्पादन भई सकेपछि बजारीकरणका लागि आवश्यक पर्ने सम्पूर्ण तालिमको प्याकेज बनाएर दिनु पर्दछ । त्यसले उत्पादीत बस्तुलाई विग्रन, सड्न, क्षति हुन दिदैन । तरकारीको गुणस्तर कायम राख्न, उपभोक्ताको लागि स्वच्छ तरकारी उपलब्ध गराउन, मूल्य क्षति हुन नदिनको लागि बजारीकरण सम्बन्धि तालिमहरुको व्यवस्था गर्ने ।

### ५.८.१.३. संस्थागत विकास र नीति

- **तरकारी बालीको विमा:**नगरपालिकाले व्यवसायिक किसानहरुको तरकारी बालीको पूर्ण विमा गरिदिनु पर्दछ । विमाले अनपेक्षित हुन बाली विनाशको क्षतिपूति भराउने भएकोले विमा सुरक्षण योजना ल्याउने ।
- **प्रचार प्रसार:** व्यवसायिक तरकारी खेतीको विभिन्न सूचनाका माध्यामबाट आम किसान, व्यवसायि र उपभोक्तासम्म पुग्ने सूचना प्रवाहको व्यवस्था गर्ने । अवलोकन भ्रमणको लागि अन्य स्थानका किसानलाई आमन्त्रण र आफ्ना किसानहरुलाई अन्य स्थानमा पठाउने ।
- **तरकारीको मूल्य तोक्ने:** नगरपालिकाले किसानको तरकारीको न्यूनतम मूल्य तोक्ने र किसानले बेच्न चाहेमा नगरपालिकाले खरिद गरिदिने प्रणालीको विकास गर्ने
- **प्रशोधन उद्योगको स्थापना:** नगरपालिकाले मूल्य तोक्नासाथ किसानहरुले आफ्नो उत्पादन नगरलाई विक्री गर्ने भएकोले प्रशोधन तथा उचित बजारको संभाव्यता गरिनु पर्ने ।

## ५.८.२. दिर्घकालिन योजना तथा कार्यक्रमहरु

### ५.८.२.१. उत्पादन सम्बन्धी क्रियाकलाप

- **विऊ उत्पादन:** सम्बन्धीत निकायसँगको समन्वयमा तरकारीको विऊ उत्पादनको लागि किसानहरुलाई तालिम दिने, आधुनिक र बढी उत्पादन दिने विऊको अध्ययन अनुसन्धान गर्ने ।
- **जडिबुटिबाट विषादी बनाउने तालिम:** सम्बन्धित निकायसँगको समन्वयमा विभिन्न जडिबुटि जस्तै निम, बन्मारा, तितेपाती, असुरो, अदुवा, वेसार, टिमुर, गाईको पिसाव लगाएत मिलाएर शत्रुजीव नाषक विषादी बनाउने, अन्तरबालीको ज्ञान दिने ।
- **उत्पादन प्रणालीलाई दिगो बनाउने:** विशेष प्रविधिहरुको उपयोग, माटोको उर्वराशक्ति बढाउने, मुल्य सृखलाको पूर्ण कार्यान्वयन गर्ने ।

### ५.८.२.२. बजारीकरण क्रियाकलाप

- **सुविधा सम्पन्न तरकारी बजार:** मेलम्ची नगरपालिकाको केन्द्रमा एक सुविधा सम्पन्न तरकारी बजारको निर्माण गरि नगरभित्र उत्पादीत तरकारीको निर्यातलाई एकिकृत र सहज बनाउने ।
- **कृषि सडक विस्तार:** कृषि सडक हरेक पकेट क्षेत्रसम्म संजालीकरण गर्ने ।
- **निर्यात प्रवर्द्दन:** निर्यात प्रवर्द्दन नीति तथा अन्य मुलुकसँग प्रतिपर्धात्मक तरकारीको उत्पादन हुन सक्ने पद्धतिको विकास गर्ने ।

# ५.९. कार्ययोजना

तरकारी खेतीलाई व्यवसायिक, प्रतिस्पर्धी र आर्थिक उन्नतीको आधार बनाउनको लागि निम्न कार्ययोजनाको कार्यान्वयन गरिनु पर्दछ ।

| क्र.सं. | कार्यक्रमहरु | अवस्था | | बजेट रु. हजारमा | साझेदार | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | तरकारी खेती संभाव्यता | छैन | -- | ५००० | नपा, गैसस, प्रदेश | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी विस्तृत अध्ययन | | | | सरकार | |
| २. | तरकारी उत्पादन पकेट क्षेत्र | ३ वटा भएको | सबै वडा | ६५०० | प्रदेश, संघीय कृषि मन्त्रालय | माटो परिक्षण, पकेट क्षेत्र अनुदान |
| ३. | सहकारीतामा आधारित उत्पादन | छैन | ५ | २५०० | नपा, प्रदेश सरकार, गैसस, निजी क्षेत्र | |
| ४. | मौसमी तथा बेमौसमी तरकारी उत्पादन प्रविधि हस्तान्तरण | -- | -- | २००० | नपा, गैसस, निजी क्षेत्र | |
| ५. | सिंचाई सुविधा र प्रविधि | केही | सबै पाकेट क्षेत्र | ३००० | नपा, गैसस, प्रदेश सरकार | |
| ६. | कृषक अवलोकन भ्रमण | छैन | १० | २००० | नपा | |
| ७. | बेमौसमी तरकारी उत्पादन तालिम | केही | १० | ३००० | नपा, कृषि परियोजना | |
| ८. | एग्रोभेट संचालकहरुलाई तालिम | छैन | ५ | १००० | नपा, | |
| ९. | सहकारीतामा आधारित बजार प्रवर्द्न | छैन | ५ | २५०० | नपा, प्रदेश सरकार | |
| १०. | हार्भेष्टिङ तथा प्याकेजिङ सामाग्री वितरण | छैन | | २३०० | | |
| ११. | कृषि सूचना केन्द्रको स्थापना | छैन | १ | ५००० | प्रदेश सरकार | |
| १२. | तरकारी संकलन तथा चिस्यान केन्द्रहरुको स्थापना | छैन | १ | ८९०० | कृषि मन्त्रालय | |
| १३. | तरकारी बालीको विमा | छैन | १३ | १५०० | नपा, सहकारी | सबै पकेट क्षेत्रको |
| १४. | प्रचार प्रसार | -- | -- | १००० | | |
| १५. | प्रशोधन उद्योगको स्थापना | छैन | १ | ४५०० | प्रदेश सरकार | |
| १६. | तरकारीको मूल्य निर्धारण | छैन | १३ | ५३०० | | सबै पकेट क्षेत्रको |
| १७. | विऊ उत्पादन | छैन | | ४५०० | | |
| १८. | IPM उत्पादन रजडिबुटिबाट विषादी बनाउने तालिम | छैन | | १७०० | | |
| १९. | सुविधा सम्पन्न तरकारी बजार | छैन | १ | ५६०० | प्रदेश | |
| २०. | निर्यात प्रवर्द्न | छैन | -- | १७०० | | |
| | **जम्मा** | | | ६९५०० | | |

# अध्याय : ६
# सुझावहरु तथा निष्कर्ष

## ६.१. निष्कर्ष

तरकारी बालीहरुको उत्पादकत्व तथ्यांकले मेलम्ची तरकारी खेतीको लागि निकै उपयूक्त देखिन्छ । मेलम्ची नगरपालिकामा ६२ प्रतिशत खेतीयोग्य जमिन भएकोमा ४२ प्रतिशतमा मात्र खेती गरिएको त्यसमा पनि १८ प्रतिशतमा मात्र सिंचाई सुविधा हुनुले सर्वप्रथम सबै खेती योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ । सबै वडाहरुमा सडक पुहँच बाह्रै महिना हुने गरी सडकको स्तरोन्नती गरिनु पर्दछ । जमिनको खण्डीकरणले उत्पादनमा असर परेकोले सामुहिक र सहकारीताका आधारीत तरकारी खेती गरिनु पर्दछ । तरकारी खेतीको मूल्य श्रृखलाको अभावले उत्पादनकर्ता (कृषक) र उपभोक्ता दुबैले न्यून फाईदा प्राप्त गरेका छन् । धैरे स्थानबाट थोरै थोरै तरकारी संकलन गरी बजारीकरण गर्नुपर्ने भएकोले मूल्यमा ठूलो अन्तराल देखिएको भन्ने व्यवसायिहरुको गुनासोमा थोरै सत्यता भने छ । बास्तवमा कृषक र उपभोक्ता बीचको दुरी बढेकोले दुबैलाई बढी वेफाइदा भएको हो । यसको लागि नगरपालिकाले कृषकबाट तरकारीको खरिद गर्ने, चिस्यान केन्द्र हुँदै बजारीकरण गर्ने, प्रशोधन उद्योगहरुको स्थापनाबाट तरकारीको प्रशोधित उत्पादन बजारमा लैजाने व्यवस्था गर्न सक्नु पर्दछ । मुख्यत नगरपालिकाले तरकारीको मूल्यमा आउने उतार चढावमा लगाम लगाउन सक्नु पर्दछ तवमात्र कृषक (व्यवसायिक युवा) हरु कृषि व्यवसाय तर्फ आकर्षित हुने र तरकारी उत्पादन नियमित एवं दिगो हुन जान्छ ।

## ६.२. सुझावहरु

मेलम्ची नगरपालिकामा तरकारी खेतीको लागि व्यवसायिक प्रवर्द्धनका लागि केही महत्वपूर्ण योजनाहरुको सावधानिपूर्वक कार्यान्ववयन गरिनु पर्ने देखिन्छ । काठमाण्डौं उपत्यकाबाट निकै नजिक रहेको मेलम्चीलाई व्यवसायिक तरकारी खेती विशेष स्थानका रुपमा परिचित गराई आम नगरबासी कृषकहरुका जिवनस्तर उकास्न सकिने प्रसस्त संभावना रहेको छ । अहिलेकै अवस्थामा रहेर वा अहिलेकै योजना अनुरुप व्यवसायिक तरकारी खेतीको योजना बनाउनु योजनामा मात्र सिमित हुन्छ । मेलम्चीमा तरकारी खेतीको व्यापक संभावना यस कारणछकी मेलम्चीको ६२ प्रतिशत जमिन खेतीयोग्य छ र त्यो जमिनको व्यवसायिक उत्पादनका लागि उपयोग भएकै छैन । करिव ८० प्रतिशत मानिस कुनै न कुनै हिसावले कृषि पेशामा संलग्न छन् ।मेलम्चीबाट निकै नजिकमा ठूलो बजार (काठमाण्डौं) छ। जहाँ जति सुकै तरकारीको उत्पादन भएपनि सहजै खपत हुने अवस्था छ । यस्तो अवस्था हुँदाहुँदै पनि कृषि (व्यवसायिक तरकारी खेती) मा व्यवसायिकता नहुनुका विभिन्न कारणहरु रहेकाले ति कमजोर पक्षलाई योजनाले हटाउन सक्नु पर्दछ । यस अध्ययनले व्यवसायिक तरकारी खेतीका लागि उल्लेखित सुझावहरुको योजनावद्ध कार्यन्वयन गरिनु पर्नेमा जोड दिएको छ ।

- भू-उपयोग नीति बनाई भू-उपयोगका रणनीति र कार्यक्रमहरु तय गरिनु पर्दछ ।
- व्यवसायिक तरकारी खेतीको संभावना अनुसार नगरभित्र रहेको सम्पूर्ण क्षेत्रको माटोको परिक्षण गरिनु पर्दछ ।
- व्यवसायिक तरकारी खेतीमा हुन सक्ने संभावित क्षति न्यूनिकरणका लागि तरकारी खेती विमालाई नगरपालिकाले आफ्नो नियमित कार्यक्रमका रुपमा ल्याउनु पर्दछ । र विना झण्झट विमित पक्षले क्षतिपूर्ति पाउने वातावरण बनाउनु पर्दछ ।
- व्यवसायिक तरकारी खेतीबाट उत्पादीत तरकारीको मूल्य निर्धारण र बजारीकरण योजना बनाउनु पर्दछ ।
- उत्पादीत तरकारीको जिम्मा नगरपालिका वा सहकारीले लिने वातावरण बनाईनु पर्दछ ।
- जमिनको व्यापक खण्डीकरणले ठूलो उत्पादन गर्ने जमिनको अभाव भएकोले सामुहिक खेती गर्ने वातावरण बनाउनु पर्दछ ।
- सहकारीतामा आधारित व्यवसायिक तरकारी खेती प्रणालीको विकासका लागि नमूना सहकारी र नमूना उत्पादन कार्यक्रम ल्याउनु पर्दछ ।

- एकिकृत प्राविधिक सेवाको सहज पुहँच
- तरकारी प्रशोधन उद्योगको स्थापना, चिस्यान केन्द्रको स्थापना, संकलन केन्द्रको स्थापना र तिनको प्रभावकारी संचालन र व्यवस्थापना गरिनु पर्दछ।
- नगरपालिकाले व्यवसायिक तरकारी खेतीको लागि सार्वजनिक निजी साझेदारी मोडेल कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था गर्नु पर्दछ।
- नगरपालिकाले व्यवसायिक तरकारी खेती गर्ने व्यवसायिहरुको लागि निजी, सरकारी र पर्ती जमिनहरु लिजमा लिनेदिने सम्बन्धि सरल व्यवस्था मिलाउनु पर्दछ।
- व्यवसायिक तरकारी खेतीमा संलग्न हुन चाहने व्यक्ति वा फर्मको लागि वित्तिय व्यवस्थापन सहज बनाउन वित्तिय संस्थाहरुसँग सहकार्यको योजना ल्याउनु पर्दछ।

**सन्दर्भ सामाग्रीहरु**


१. *जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक, आ. व. ७३।७४ को वार्षिक प्रतिवेदन ।*

२. *मेलम्ची नगरपालिका कार्यालय, कृषि विकास शाखा, २०७५ ।*

३. *कालीमाटी तकारी तथा फलफूल बजारको प्रतिवेदन, २०७४ ।*

४. *एकिकृत नगर विकास योजना दस्तावेज, २०७५।*

५. *मेलम्ची नगरपालिकाको नगर पार्श्वचित्र, २०७४ ।*

६. *जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक ७०।७१ को प्रतिवेदन ।*

७. *कृषि विकास मन्त्रालयको प्रतिवेदन, २०७४ ।*

८. *मेलम्ची कृषि सेवा केन्द्रको कृषि प्रोफाइल तथा तथ्यांक, २०७२/०७३ ।*

९. *जिल्ला वस्तुगत विवरण, सिन्धुपाल्चोक, २०७१ ।*

१०. *वडाभेला, २०७५*

**अनुसुचि १**

**आई.पि.एम. कृषक पाठशालाहरु**

| सि.नं. | कृषक पाठशालाको नाम | ठेगाना | पाठशाला संचालन भएको साल | बाली | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | जागृति आई.पि.एम. कृषक पाठशाला | बांसबारी | २०५५ | धान | २५ |
| २ | नमुना आई.पि.एम. कृषक पाठशाला | मेलम्ची | २०६० | कांक्रा | २६ |
| ३ | डूडेखोला आई.पि.एम. कृषक पाठशाला | मेलम्ची | २०६१ | धान | २३ |
| ४ | ललिसागर आई.पि.एम. कृषक पाठशाला | मेलम्ची | २०६१ | धान | २५ |
| ५ | इनद्रावती आई.पि.एम. कृषक पाठशाला | ज्यामीरे | २०६२ | धान | २२ |
| ६ | सिम्खेत आई.पि.एम. कृषक पाठशाला | ज्यामीरे | २०६३ | धान | २९ |
| ७ | बसुन्धरा आई.पि.एम. कृषक पाठशाला | मेलम्ची | २०६५ | चैते धान | २५ |
| ८ | फुलबारी आई.पि.एम. कृषक पाठशाला | ज्यामीरे | २०६६ | बन्दा | २५ |
| ९ | सितलादेवी आई.पि.एम. कृषक पाठशाला | शिखरपुर | २०६६ | कांक्रा | २५ |
| १० | खडिकादेवी आई.पि.एम. कृषक पाठशाला | शिखरपुर | २०६६ | मकै | २५ |
| ११ | सेतीदेवी आई.पि.एम. कृषक पाठशाला | ज्यामीरे | २०६७ | कांक्रा | २५ |
| १२ | सिद्धेश्वरी आई.पि.एम. कृषक पाठशाला | सिन्धुकोट | २०६७ | कांक्रा | २५ |
| १३ | शिखरपुर आइ.पि.एम.कृषक पाठशाला | शिखरपुर | २०७१ | गोलभेंडा | २५ |
| १४ | आरुवोटे आइ.पि.एम.कृषक पाठशाला | मेलम्ची न.पा.ठ | २०७२ | गोलभेंडा | २५ |

स्रोत : जिल्ला कृषि विकास कार्यालय, सिन्धुपाल्चोक, आ. व. ७३।७४ को वार्षिक प्रतिवेदन

अनुसुचि २

**कृषक समूहहरु**

| क.स. | समूहको नाम | ठेगाना | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | सन्धु गिराञ्चौर कृ.स | मेलम्ची-८ | कृष्ण प्र.तिवारी |
| २ | हरियाली कृषक समुह | हैवुङ–२ | देवेन्द्र गुरुङ |
| ३ | ज्योति भज्याङ कृ.स | दुवाचौर–१ | वीर बहादुर दोङ |
| ४ | मखमली महिला कृ.स | मेल्मची-१ | शर्मिला तामाङ |
| ५ | कर्मठशील महिला कृ.स | मेल्मची-१ | लक्ष्मी बस्नेत थापा |
| ६ | डाफे सबल कृ.स | हैवुङ–६ | गंगामाया थामी |
| ७ | शिवपुरी सबल कृ.स | हैवुङ–८ | धन ब. तामाङ |
| ८ | भुमेस्थान गौरीटोल | हैवुङ–७ | सिरमाया तामाङ |
| ९ | सिन्धु सम्राह सबल कृ.स | हैवुङ–५ | निर्मला तामाङ |
| १० | बछलादेवी कृ.स | हैवुङ–५ | प्रेम कुमार राउत |
| ११ | कोपिला कृ.स | मेलम्ची न.पा.-२ | सुनिता ढुंगाना |
| १२ | च्याउ उत्पादन महिला कृ.स | मेलम्ची न.पा.-१ | छत्र कु देउजा |
| १३ | बेमौसमी तरकारी उतपादन कृ.स | मेलम्ची न.पा.-५ | केलेन्द्र तामाङ |
| १४ | महिला जागरण कृ.स | मेलम्ची न.पा.-६ | शर्मिला सापकोटा |
| १५ | जेएचपी महिला कृ.स | मेलम्ची न.पा.-११ | लक्ष्मी मायाा घले |
| १६ | भुमेस्थान कृ.स | मेलम्ची-१ | दिपेन्द्र गोले |
| १७ | ल्हमिन कृ.स | शिखरपुर-६ | अमर सापकोटा |
| १८ | लाम्हेन्दो कृषि कृ.स | मेलम्ची-२ | शेर ब. तामाङ |
| १९ | भैरवीदेवी कृ.स | दुवाचौर-२ | दमाई तामाङ |
| २० | लामगाउँ सामुदायिक कृ.स | दुवाचौर-९ | टिका तामाङ |
| २१ | सृजनशिल महिला कृ.स. | दुवाचौर-८ | सम्झना गिरि |
| २२ | जलेपादवी मिश्रित कृ.स | दुवाचौर-५ | लक्ष्मी गिरि |
| २३ | अन्नपुर्ण कृ.स | दुवाचौर-४ | गणेश तामाङ |
| २४ | तामाङ उत्थान दिहची कृ.स | दुवाचौर-९ | जल ब. दोङ |
| २५ | नेपाली गतिशिल मिश्रित कृ.स | दुवाचौर-२ | राम कुमार नेपाली |
| २६ | सुन्दरीदेवी कृ.स | दुवाचौर-१ | आशमान तामाङ |
| २७ | मनकामना मिश्रित कृ.स | दुवाचौर-६ | डिल ब.घले |
| २८ | मन्थलादेवी कृषक समूह | थकनी-५ | साविति खनाल |
| २९ | डाडाकटेरी पावर कृषक समूह | थकनी-४ | रिता तामाङ |
| ३० | सुनखानी टोल मिश्रित कृषक मसूह | थकनी-५ | गंगा तामाङ |
| ३१ | कृष्ण कृषक समूह | थकनी-१ | गोविन्द वहादुर घिमिरे |
| ३२ | सगरमाथा महिला कृ.स. | थकनी-२ | मुगा घोरासैनी |
| ३३ | तौलेश्वरी आमा कृषक मसूह | थकनी-७ | जनमाया तामाङ |
| ३४ | बुढीचौर देउराली महिला कृ.स. | थकनी-६ | कुमारी तामाङ |
| ३५ | रिगेश्वरी माहादेव म.कृ.स. | थकनी-९ | ठुली तामाङ |
| ३६ | मनकामना कृषक समूह | थकनी-८ | दिल व. तामाङ |

| | | | |
|---|---|---|---|
| ३७ | पाचपोखरी महिला कृ.स. | दुवाचौर-३ | सलिना श्रेष्ठ |
| ३८ | नवशिख युवा कृषक समूह | मेलम्ची-१२ | लिलानाथ दाहाल |
| ३९ | प्रगतिशिल कृ.स. | ज्यामिरे–२,१ | कृष्ण ब. विष्ट |
| ४० | इनद्रावति कृषक समूह | मेलम्ची-३ | खिल कुमारी भट्टराई |
| ४१ | ढुङगानाबेशि कृषक समुह | मे.न.पा ६ | सान्नानि प्याकुरेल |
| ४२ | घलानटोल सवल कृषक समुह | मे.न.पा ३ | उर्मिला तमाङ |
| ४३ | मजुवा जनजागृति कृषक समुह | मे.न.पा ३ | राजु गुरुङ |
| ४४ | किबि कृषक समुह | मे.न.पा ३ | ज्ञानि ढकाल |
| ४५ | लोकेश्वर महादेव सवल कृषक समुह | मे.न.पा ३ | सुनिता वाइवा |
| ४६ | सगरमाथा हिमचुलि सवल कृषक समुह | मे.न.पा ३ | गोपाल सिं तमाङ |
| ४७ | गौरुङ टोल सवल कृषक समुह | मे.न.पा ३ | भोल बहादुर तमाङ |
| ४८ | लुम्ब्रङ देवि कृषक समुह | मे.न.पा ४ | म्लासो तमाङ |
| ४९ | मंगल भुमि कृषक समुह | मे.न.पा ४ | सुन्तली तमाङ |
| ५० | डिहि सोति सवल कृषक समुह | मे.न.पा ४ | सन्जिता तमाङ |
| ५१ | माँ सरस्वति कृषक समुह | मे.न.पा ४ | कल्पना अर्याल |
| ५२ | श्री देवि सवल कृषक समुह | मे.न.पा ४ | इरमान तमाङ |
| ५३ | श्री पञ्चकन्या कृषक समुह | मे.न.पा ४ | सुकु माया तमाङ |
| ५४ | श्री लाली गुराँस महिला कृषक समुह | मे.न.पा ४ | सर्मिला कार्की |
| ५५ | श्री अंजर बासबारी कृषक समुह | मे.न.पा १२ | प्रदिप आर्चाय |
| ५६ | श्री भुमीसुधार कृषक समुह | मे.न.पा ४ | तोकसानी तमाङ |
| ५७ | श्री सानो मुसुरे सवल कृषक समुह | मे.न.पा ४ | श्याम बहादुर अर्याल |
| ५८ | श्री धौलेश्वर  कृषक समुह | मे.न.पा ५ | अशोक कुमार खडका |
| ५९ | श्री प्रगतिशिल महिला कृषक समुह | मे.न.पा १३ | |
| ६० | श्री प्रगतिशिल तरकारी उत्पादक कृषक समुह | मे.न.पा ६ | |
| ६१ | श्री गणेशस्थान कृषक समुह | मे.न.पा १२ | बिष्णु प्रसाद नेपाल |
| ६२ | लालीगुँरास कृषक समुह | मे.न.पा ११ | चित्र कुमारी दुलाल |
| ६३ | सलोङ्ग सत्यसमाज कृषक समुह | मे.न.पा ११ | दिप बहादुर तमाङ |
| ६४ | सिन्धु गिरान्चौर कृषक समुह | मे.न.पा १२ | कृष्ण प्रसाद तिवारी |
| ६५ | प्रगतिशिल कृषक समुह | मे.न.पा ११ | रामजी प्रसाद दुलाल |

स्रोत : मेलम्ची नगरपालिका कार्यालय, कृषि विकास शाखा, २०७५

## अनुसूची ३ : फोटोहरु



हैबुङ वडा नं. ३ मा बाँझो जमिन



फटकशिलाको खेति योग्य जमिन









❖